जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २५५ • २०८० साल माघ २८ गते आइतबार (11 Feburary, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

# 'रुविना श्रेष्ठ मेरै छोरी हो, दुई वटा बिहे गरेको छु' : मेयर सिंह

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहसंग गृह मन्त्रालयको टोलीले बयान लिएको छ।

फर्जी विवरणको आधारमा नागरिकता दिलाएको भन्दै मेयर सिंहविरुद्ध जाहेरी परेपछि गृह मन्त्रालयको टोलीले शनिबार सवा दुई घण्टासम्म बयान लिएको छ।

झुटो विवरणको आधारमा अरूको छोरीलाई आफ्नो छोरी बनाएर नागरिकता दिलाएपछि नागरिकता विवाद प्रकरणमा गृह मन्त्रालयको टोलीले मेयर सिंहसंग जिल्ला प्रशासन कार्यालय पर्सामा बयान लिएको छ।

गृह मन्त्रालयको टोलीले मेयर सिंहसंग सोधपुछसहितको कागजात गराएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । यसक्रममा गृह मन्त्रालयबाट गठित २ सदस्यीय छानबिन टोलीले सिंहविरुद्ध परेको जाहेरीसंग सम्बन्धित कागजातको आधारमा सोधपुछ गरेको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जनाएका छन्।

गृह मन्त्रालयको टोलीले लिएको बयानमा मेयर सिंहले रुविना आफ्नो छोरी भएको स्वीकार्दै उनले आफुले दुई वटा विवाह गरेको बताए । गृह मन्त्रालयको टोली समक्ष मेयर सिंहले भने, 'रुविना श्रेष्ठ मेरै छोरी हो, उसको जन्मदर्तामा पनि मेरै नाममा छ । मैले दुईवटा बिहे गरेको छु।'

मेयर सिंहसंग बयान लिइसकेपछि गृह मन्त्रालयको टोलीले सम्बन्धित अन्य व्यक्तिसंग सोधपुछ गरिरहेको स्रोतले बताएको छ । यसअघि नागरिकता बनाउन सिफारिस गरिएका वडा कार्यालयसंग पनि गृह मन्त्रालयको टोलीले बयान लिएको थियो।

वीरगञ्ज महानगरपालिकाका मेयर सिंहले झुटो विवरणको आधारमा अरूको छोरीलाई आफ्नो छोरी बनाएको भन्दै गृह मन्त्रालयमा पुस २६ गते उजुरी परेको थियो।

सो उजुरीको आधारमा गृह मन्त्रालयले उपसचिव पुष्कर रानाको नेतृत्वमा शाखा अधिकृत परशुराम पोखरेल सदस्य रहने गरी दुई सदस्यीय छानबिन टोली गठन गरी वीरगञ्ज खटाइएको छ।

वीरगञ्जको वडा नम्बर ३ बाट हुँदै नभएको छोरीलाई आफ्नो छोरी बनाएर नागरिकता दिलाएको मेयर सिंहमाथि आरोप रहेको छ।

जिल्ला प्रशासन कार्यालय पर्सामा रुविना श्रेष्ठको नाममा ३४-०१-७५-०४८४७ नम्बरबाट नागरिकता जारी भएको छ। सो नागरिकता ०७५ साल साउन १३ गते जिल्ला प्रशासन कार्यालय पर्साले नागरिकता जारी गरेको छ।

मेयर सिंहले जिल्ला प्रशासन कार्यालय पर्साबाट रुविनाको नागरिकतासम्बन्धि प्रमाणसहितका कागजातहरुसमेत नष्ट गरेको आरोप छ।

किर्ते नागरिकता दिलाएको समाचार प्रकाशन भएदेखि नै मेयर सिंह 'सही समयमा, सही जवाफ दिने' भन्दै पञ्छिदै आएका थिए । उनले पहिलो पटक बयानको क्रममा स्वीकार्दै आफुले दुई वटा विवाह गरेको र रुविना आफ्नै छोरी भएको बताए।

मेयर सिंहले निर्वाचन कार्यालयदेखि मुख्यमन्त्रीकोकार्यालयसम्म बुझाएको विवरणमा एउटा श्रीमती मात्र भएको लिखित पेश गरे पनि दुई वटा विवाह गरेको गृहमन्त्रालयको टोली समक्ष बयान दिएका छन्।



खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम–९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन


☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि व्यायाम सुरू गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।


कमला नगरपालिका
माची भिठकहिया, धनुषा, मधेश प्रदेश



पूर्वपश्चिम राजमार्ग अन्तर्गत चितवनको राप्ती नगरपालिका-२ गड्यौलीमा गयराती भएको बस दुर्घटना । रौतहटबाट काठमाडौँतर्फ जाँदै गरेको बा.प्र.०१-००६ ख २००४ नम्वरको बस सोही दिशामा सडक छेउमा रोकिराखेको प्र.२०३-००१ ख ७३१२ नम्बरको ट्रली ट्रकको पछाडि ठोक्किँदा बसमा सवार २० जना घाइते भएका छन । *तस्बिरःरासस*

# शक्तिको आडमा जग्गा भोगचलन गर्नबाट रोकेको आरोप

**टुडे समाचारदाता**



जनकपुरधाम । अदालतले निर्णय गरेपनि पदको शक्ति देखाउदै आफनो जग्गा कव्जा गर्न खोजेको एक स्थानियले आरोप लगाएका छन् ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं २ रमदैया दुर्गा मन्दिर अगाडीको आठ धुर जग्गा आफुले किनेको तर उक्त जग्गामा पर्खाल लगाउन खोज्दा वडाध्यक्ष देबु यादवले सो जग्गामा विवाद उत्पन्न गरि पर्खाल लगाउनबाट रोकेको स्थानिय रामसोगारथ यादवले बताए ।

शनिबार गाँउमै पत्रकार सम्मेलनको आयोजना गरि यादवले वार्डध्यक्ष यादवले पदको आडमा आफनो जग्गामा हक भोग गर्नबाट रोकेको बताए । उनका अनुसार आफुले जग्गा किनेर लामो समय देखि काठमाण्डौमा बस्दै आएको र अहिले आएर आठ धुर रहेको सो जग्गालाई घेरा लगाउन खोजेपछि सो जग्गामा आफनो पनि हकदावी रहेको भन्दै हकभोग गर्नबाट बंचित गरेको बताए । यता वडाध्यक्ष देबु यादवले आफुले कसैको जग्गा प्रयोग गर्नबाट नरोकेको बताए ।

अदालतले नै गरेको फैसलामा दुई अढाई फिट जग्गा उसकोमा गएको र सोहि जग्गा क्लियर गर्न भनेपछि नमानेको बताउदै कानुनलेनै गरेको फैसलालाई कार्यान्वयन गर्न भन्दा आफुमाथि आरोप लगाएको उनले बताए ।

# मैथिली भाषा साहित्यलाई अनिवार्य स्लेबसमा सामेल गर्नुपर्छ : यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशका पूर्व मन्त्री एवं प्रदेशसभा सदस्य रामसरोज यादवले मैथिली भाषा साहित्यलाई अनिवार्य रुपमा सिलेवशमा शामिल गराउनका लागि पहल हुनु आवश्यक रहेको बताएका छन् ।

निजि तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)ले आयोजना गरेको नृत्य प्रतियोगिताको आसनबाट बोल्दै प्रदेशसभा सदस्य यादवले मैथिली भाषा, साहित्य, नृत्य, संगित लगायतका विषयलाई अनिवार्य रुपमा सिलेवशमा शामिल गराउने गरी आवाज उठाउनु पर्नेमा जोड दिए । उनले गीत संगित, साहित्य तथा भाषा सभ्यताको अभिन्न अंग रहेकाले आफ्नो भााषा संस्कृति संरक्षणका लागि सबै वर्ग एकत्रित हुनुपर्नेमा जोड दिए । भाषा कमजोर भयो सभ्यताको विनाश निश्चित रहेकाले आफ्नो सभ्यताको संरक्षणका लागि पनि भाषा, साहित्यको संरक्षण हुनु आवश्यक रहेको उनको भनाई थियो ।

प्याब्सनका नगर अध्यक्ष रविन्द्र कुमार चौधरीको अध्यक्षतामा प्याब्सन जनकपुरधामले आयोजना गरेको नृत्य प्रतियोगिता कार्यक्रममा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, प्याब्सनका पूर्व प्रदेश सचिव विश्वलाल सिंह, एनप्याब्सनका नगर अध्यक्ष दीपक ठाकुर लगायतले मन्तव्य राखेका थिए ।

नृत्य प्रतियोगितामा हिमाली बोर्डिङ्ग स्कुलका विद्यार्थीहरुले प्रथम स्थान हासिल गरेका थिए भने साउथ प्वाइन्ट स्कुलले दोश्रो र जनक सेकेन्ड्री बोर्डिंङ्ग स्कुलले तेश्रो स्थान हाशिल गरेको थियो । प्रतियोगिताको निर्णायक मण्डलमा संचारकर्मी एवं साहित्यकार श्यामसुन्दर शशि र कलाकार रामनारायण ठाकुर रहेका थिए ।

# रुसी सेनामा नेपाली भर्ना : १४० जनाले दिए उद्धारका लागि आवेदन

काठमाण्डु । पछिल्लो समय रुसी सेनामा भर्ना भएका नेपाली नागरिकको मृत्यु र घाइते भएको सूचना सार्वजनिक हुन् थालेपछि आफन्तले उद्धारका लागि आग्रह गर्ने गरेका छन् । परराष्ट्र मन्त्रालयको पछिल्लो जानकारीअनुसार रुसी सेनामा भर्ना भएकामध्ये हालसम्म १२ नेपालीको मृत्यु भएको छ भने पाँच जना युक्रेनी सेनाको कब्जामा रहेका छन् ।

यसैगरी कन्सुलर सेवा विभागमा करिब एक सय ४० जनाका परिवारका सदस्यले उद्धारका लागि आवेदन दिएका छन् । यसबाहेक के कति स‌‌ख्यामा नेपाली नागरिक रुसी सेनामा भर्ना भएका छन् तथा युद्धका क्रममा कति घाइते भए वा हराए भन्ने यथार्थ विवरण छैन् ।



मन्त्रालयले हालसम्म गोरखाका सन्दिप थपलिया, कपिलवस्तुका रुपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका, इलामका गङ्गाराज मोक्तान, कुन्दन सिंह नागल, स्याङ्जाका हरिप्रसाद अर्याल, कैलालीका भरबहादुर शाह र धादिङका राजकुमार गिरीको रुसी सेनामा कार्यरत रहँदा निधन भएको जानकारी प्राप्त भएको मन्त्रालयले जनाएको छ । यसैगरी रुस सरकारबाट आधिकारिक जानकारी प्राप्त नभए पनि पछिल्लो समय थप दुई नेपालीको मृत्यु भएको सम्बन्धमा परिवारजनले मन्त्रालयमा जानकारी गराएका छन् ।

त्यस्तै रुसी सेनामा कार्यरत अवस्थामा बर्दियाका विवेक खत्री, काभ्रेपलाञ्चोकका सिद्धार्थ ढकाल, मोरङका विकास राई र रोल्पाका प्रतिक पुनलाई युक्रेनी सेनाले बन्दी बनाएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । रुसी सेनामा कार्यरत थप एक नेपाली नागरिक युक्रेनी सेनाको कब्जामा परेको सूचना आएको मन्त्रालयले जनाएको छ ।

रुसी सेनामा भर्ना हुन जाने नेपाली अधिकांश भ्रमण भिसामार्फत खाडीका मुलुकबाट त्यहाँ गएका पाइएको छ । मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले नेपाल सरकारले रुस सरकारलाई मृतकको शव यथाशीघ्र नेपाल पठाउन तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गरिएको जानकारी दिनुभयो । साथै उहाँले बन्दी बनाइएका नेपालीको शीघ्र रिहाइ गरी नेपाल फिर्ता पठाउन युक्रेनी सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको बताउनुभयो ।

मन्त्रालयले नेपालीलाई रुसी सेनामा भर्ना नगर्न र कुनै नेपालीलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउनसमेत रुस सरकारलाई अनुरोध गरेको छ । गत महिना युगाण्डाको कम्पालामा सम्पन्न 'नाम' सम्मेलनमा भेट भएका रुसका सहायक विदेश मन्त्रीसँग नेपाल सरकारका प्रतिनिधिले रुसी सेनामा नेपालीलाई भर्ना रोक्न र स्वदेश फर्काउनका लागि कुरा गरेको मन्त्रालयले जनाएको छ ।

नेपाली युवा रुसी सेनामा भर्ना भएका भन्ने सूचना सार्वजनिक भएपछि मन्त्रालयले गत साउन १६ गते पहिलो पटक प्रेस विज्ञप्तिमार्फत परम्परागत रुपमा रहेको सम्झौताअन्तर्गत केही मित्र राष्ट्रको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ना हुँदै आएकामा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने सरकारको नीति नरहेको स्पष्ट पारेको थियो ।

त्यसैगरी मन्त्रालयले सरकारी कामकाज, रुस सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरेमा परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागबाट जारी गरिने ' नो अब्जेक्सन लेटर' (एनओसी) लिएर मात्र यात्रा गर्न अपिल गरेको छ । कसैको प्रलोभनमा परी वा गलत सूचनाको आधारमा युद्धग्रस्त मुलुकको सेनामा भर्ना नहुन मन्त्रालयले अनुरोध गरेको छ ।

उपरोक्त व्यवस्थालाई विस्तार गरी हाल भारत, बङ्गलादेश, श्रीलङ्का, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत, कतार, ओमान र बहराइनबाट समेत रुस यात्रा गर्नुपरेमा तत् तत् देशमा रहेका नेपाली राजदूतावास तथा महावाणिज्य दूतावासहरुबाट जारी गरिने ' एनओसी' लिएर मात्र यात्रा गर्न मन्त्रालयले अपिल गरेको छ ।

नेपाल सरकारले रुसी सेनामा भर्ना भएका नेपाली नागरिकको स‌‌ख्या, घाइते नेपालीको स‌‌ख्या तथा उनीहरुको अवस्थाका बारेमा रुस सरकारबाट आधिकारिक रुपमा यथाशीघ्र जानकारी गराउन स्पष्ट अडान राखे पनि हालसम्म यस सम्बन्धमा यकिन तथ्याङ्क प्राप्त हुन सकेको छैन् । हाल परराष्ट्रमन्त्री एन पी साउद अष्ट्रेलिया र न्यूजिल्याण्डको भ्रमणमा रहनुभएको र उहाँ स्वदेश फर्केलगत्तै यस विषयमा कार्यक्रम गर्ने योजना रहेको प्रवक्ता राईले जानकारी दिनुभयो ।

मन्त्री साउदले अन्तर्वार्ताका क्रममा करिब दुई सय जना काम गर्न, अध्ययन र भ्रमण भिसामा रुस गएका नेपाली युवा त्यहाँको सेनामा भर्ना भएको हुनसक्ने बताउनुभएको थियो । हराइरहेका र घाइते भएको भन्ने मन्त्रालयमा प्राप्त आवेदनका आधारमा त्यसभन्दा केही बढी नेपाली भर्ना भएको हुनसक्ने उहाँको भनाइ थियो । मन्त्री साउदले नेपालस्थित रुसका राजदूतलाई मन्त्रालयमा बोलाएर नेपाल सरकारका चासो रुस सरकारसम्म पुर्‍याउनका लागि स्पष्ट सन्देश दिएको बताउनुभयो । साथै मस्कोस्थित नेपाली दूतावासलाई नेपाल सरकारको दृष्टिकोण सम्प्रेषण गर्न उहाँले निर्देशन दिनुभएको जानकारी गराउनुभयो । यससँगै युक्रेनमा बन्दी बनाइकाको हकमा युक्रेन सरकारको सम्पर्कमा रहेको र उद्धारका लागि आफ्नोतर्फबाट गर्ने पहलकदमीमा केही कसर बाँकी नराखेको मन्त्री साउदको भनाइ थियो ।

पछिल्लो समय रुस-युक्रेन युद्ध चर्किंदै गएपछि र 'रेडजोन'मा पठाउन थालेपछि रुसी सेनामा भर्ना भएका नेपाली नागरिकले आत्तिएर आफन्तमार्फत उद्धारको याचना गर्ने गरेका छन् । यही वर्षको दशैंलगत्तै रुसी सेनामा भर्ना हुन गएका एक नेपालीका आफन्तले कहिले सम्पर्क हुने र कहिले नहुने गरेको दुःखेसो पोख्दै उद्धारका लागि आग्रह गरेका छन् । सन् २०२२ फेब्रुअरी २४ देखि रुस र युक्रेनबीच युद्ध जारी छ ।रासस

# बचपनको बार्षिकोत्सव सम्पन्न

**टुडे सामाचारदाता**

जनकपुधामाजनकपुधाममारहेको बचपन स्कुलले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ । बचपन स्कुलको ५औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको हो ।

वार्षिकोत्सव अवसरमा विद्यालयका बालबालिकाहरुले नृत्य प्रस्तुत गर्नुका साथै गीत गायनका साथै स्पीच समेत राखेका थिए । युकेजीसम्म पढाई हुने सो विद्यालयका बालबालिकाहरु भ्विष्यका कर्णाधार हुन भन्ने सोचका साथ उनीहरुमा रहेको प्रतिभा उजागर गर्ने उद्देश्यले नृत्य, गायनका साथै स्पीच राख्ने कार्यक्रम गरिएको विद्यालयका मनोजकुमार ठाकुरले जानकारी दिए ।

उनले जसरी बिउलाई किसानले बिरुवा बनाउने काम गर्छन् त्यसरी नै स-साना नानीहरुलाई असल नागरिक बन्ने आधार तयार पार्ने बचपन स्कुलको उद्देश्य रहेको बताए । वार्षिकोत्सव कार्यक्रमको अवसरमा पछिल्लो ५ वर्षमा बचपन स्कुलले गरेका कृयाकलापहरुको समिक्षाका साथै आगामी योजनाहरुको विषयमा समेत छलफल भएको थियो । सो अवसरमा विद्यालयका शिक्षक शिक्षिकाका साथै अभिभावकहरुको समेत उपस्थिति रहेको थियो ।

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथुन | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लगानी सम्मेलनअघि कुन–कुन कानुनमा कस्तो संशोधनका लागि गरियो सिफारिस ?




काठमाण्डु । आगामी वैशाख १६ र १७ गते (अप्रिल २८ र २९) काठमाडौँमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलन अघि विभिन्न कानुनमा सुधारका लागि सिफारिस गर्न गठिन कार्यदलले एक दर्जन ऐन तथा नियमावली संशोधन गर्न सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित मौजुदा नीतिगत, संरचनागत एवं प्रक्रियागत सुधारका लागि सुझाव कार्यदलले यही माघ १५ गते मुख्यसचिव डा वैकुण्ठ अर्याललाई सुझाव पेस गरेको थियो ।

कार्यदलले औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लगायत ऐनका व्यवस्था संशोधनको सुझाव दिएको छ ।

त्यस्तै भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्डयन ऐन, २०५३ का व्यवस्थामा पनि संशोधन गर्न सुझाव दिइएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा समेत संशोधनको आवश्यकतासमेत कार्यदलले औँल्याइएको छ । विद्यमान कानुनी व्यवस्थामा संशोधन तथा परिमार्जनका लागि कार्यदलले दिएका सुझावलाई राससले केलाएको छ ।

**औद्योगिक व्यवसाय ऐन, २०७६**

औद्योगिक व्यवसाय ऐन, २०७६ मा स्टार्टअप उद्यम तथा व्यवसायको परिभाषा थप गर्न आवश्यक रहेको भन्दै संशोधनको प्रस्ताव गरिएको छ । स्टार्टअप उद्यम तथा व्यवसायलाई नेपाल सरकारले थप प्रोत्साहन, छुट, सुविधा, सहुलियत प्रदान गर्न सक्ने व्यवस्था ऐनमा राख्न सुझाव दिइएको छ ।

ऐनको दफा ४ को उपदफा (छ) मा संशोधन गरी उद्योग दर्ता गर्दाको बखत अपुग विवरण वा कागजात पेस गर्नेसमय अवधि ९० दिनबाट घटाएर सात दिन कायम गर्नुपर्ने प्रस्ताव गरिएको छ । त्यस्तै रु ५० करोडभन्दा बढी स्थिर पुँजी भएको उद्योगको दर्ता उद्योग विभागबाट र सोभन्दा कम पुँजी भएका उद्योग प्रदेश तहबाट दर्ता गर्ने व्यवस्थासहित ऐन संशोधनको आवश्यकता औँल्याइएको छ । रु एक अर्बभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधिसँग सम्बन्धित उद्योगलाई सरकारले तोकिएबमोजिम प्रोत्साहन तथा थप सुविधा प्रदान गर्न सक्ने व्यवस्था ऐनमा राख्नुपर्ने उल्लेख छ ।

हदबन्दीभन्दा बढी जग्गासँग सम्बन्धित विषयमा पनि ऐनमा संशोधन गर्न भनिएको छ । ऐन दफा ३२ को उपदफा (६) मा 'प्रचलित कानुनबमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले त्यसरी हदबन्दीभन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन' भनी उल्लेख छ । यसलाई संशोधन गरी हदबन्दीभन्दा बढीको जग्गालाई परियोजना धितो कर्जाको रूपमा भने ऋण लिन सकिनेगरी व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ ।

'प्रचलित कानुनबमोजिम हदबन्दीभित्र परेको जग्गा बिक्री-वितरण गर्न र हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति लिई अनुमतिप्राप्त उद्योगले खरिद गरी लिएको जग्गाको ५० प्रतिशतसम्म जग्गा धितो राखी ऋण लिन सकिने' व्यवस्था ल्याइनुपर्ने उल्लेख छ । सरकारी जग्गाको हकमा भने जग्गा लिजमा लिई उद्योग वा परियोजना सञ्चालन गर्दा सो जग्गा धितो बन्धक राखी ऋण लिन नपाइने व्यवस्था ल्याउनुपर्ने जनाइएको छ । तर परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ) लिन सकिने व्यवस्था गर्न सुझाव कार्यदलले दिएको छ ।

ऐनको दफा ५० को उपदफा (१) मा समान उद्देश्य भएका कुनै उद्योगले एकापसमा करार वा उपकरार गरी वस्तु वा सेवाको उत्पादन गर्ने सक्ने व्यवस्था राख्नुपर्ने सुझाव आएको छ । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र प्रशोधन गर्ने उद्योगले औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट अनुमति लिनु नपर्ने व्यवस्था गर्न भनिएको छ । यस्ता उद्योगको काम प्रदेशबाट गर्न उपयुक्त हुने भएकाले बोर्डको कार्यक्षेत्रबाट हटाउनुपर्ने देखिएको हो । होटल, रिसोर्ट, थिमपार्क र केवलकार उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको सूचीमा समावेश गर्न पनि सुझाव दिइएको छ ।

**विदेशी लगानीतथा प्रविधि हस्तान्तरण ऐन, २०७५**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ग) मा संशोधन गरी गैरआवासीय नेपालीको परिभाषा संशोधन गर्न सुझाव दिइएको छ । नागरिकता ऐन, २०६३ मा भएको व्यवस्थाअनुसार परिभाषा संशोधन गरी 'गैरआवासीय नेपाली भन्नाले गैरआवासीय नेपालीसम्बन्धी प्रचलित कानुनबमोजिम गैरआवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ', भनी उल्लेख गरिएको छ । त्यस्तै 'प्रविधि हस्तान्तरण'को परिभाषामाभित्र 'रिभर्स इन्जिनियरिङ' लाई पनि समेटिनुपर्ने सुझाव आएको छ ।

विद्यमान ऐनमा 'विदेशमा प्रविधि हस्तान्तरण गर्न सकिने' व्यवस्था थप गरि नुपर्ने आवश्यकता औँल्याइएको छ । नेपालमा स्थापित तथा सञ्चालित उद्योग एवं कम्पनीले विदेशस्थित उद्योग र कम्पनीमा प्रविधि हस्तान्तरण गर्न सक्ने तथा उद्योग विभागको अनुमतिमा विदेशमा शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गर्न सुझाव दिइएको छ ।

विदेशी लगानी भएको कुनै उद्योगले नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ) सम्झौता गरी ऋण लिन सक्नेछ । हालको व्यवस्थाबमोजिम यसका लागि सम्बन्धित मन्त्रालयसमेतको सिफारिस चाहिन्छ । ऐनको दफा १७ को उपदफा (१) मा रु छ अर्बसम्मको विदेशी लगानीको स्वीकृत उद्योग विभागले गर्न सक्नेछ भन्ने साविकको व्यवस्थालाई 'लगानीकर्ताले चाहेमा उद्योगमा हुने विदेशी लगानीको स्वीकृति विभागले गर्न सक्नेछ' बनाउन सिफारिस गरिएको छ । हालको व्यवस्थाबमोजिम रु छ अर्बभन्दा माथिको विदेशी लगानीको स्वीकृति लगानी बोर्डले दिने गरेको छ । तर रु छ अर्बभन्दा माथिको उद्योगमा हुने विदेशी लगानी पनि उद्योग विभागमार्फत स्वीकृत हुँदा एकद्वार सेवाबाट छिटो उद्योग प्रशासनको काम गर्न सकिने भन्दै कार्यदलले यस्तो सुझाव दिएको हो ।

ऐनको दफा २२ को खण्ड (च) मा भिसाका लागि सिफारिसको हकमा विदेशी लगानीकर्ता, निजका प्रतिनिधि र विदेशी कर्मचारी र निजका परिवारमा 'श्रीमान्, श्रीमती' भन्ने शब्द छुटेकाले सो समावेश गरि नुपर्ने आवश्यकता औँल्याइएको छ । त्यस्तै ऐनको दफा ४५ को उपदफा (१) मा संशोधन गरी विदेशी लगानी भएका उद्योगले एकापसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सबकन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने व्यवस्था राख्न सुझाव दिइएको छ । समान उद्देश्य भएका विदेशी लगानीका उद्योगबीच सम्झौता गरी तयारी वस्तु तथा सेवा र सहायक वस्तु उत्पादन गर्दा उत्पादन लागत घट्ने भएकाले यस्तो संशोधन गर्नुपर्ने सुझाव कार्यदलले दिएको हो । ट्राभल एजेन्सीमा विदेशी लगानी खुला गर्ने तथा राइड सेयरिङमा ७० प्रतिशतसम्म विदेशी लगानी खुला गर्नुपर्ने सुझाव दिइएको छ ।

**विशेष आर्थिक क्षेत्र ऐन, २०७३**

यो ऐन संशोधन गरेर विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगले उत्पादन सुरु गरेको तीन वर्षसम्म कम्तीमा १५ प्रतिशत र छ वर्षभित्र कम्तीमा ३० प्रतिशत उत्पादित वस्तु वा सेवा निर्यात गर्नुपर्ने व्यवस्था ल्याउनुपर्ने सुझाव कार्यदलबाट आएको छ । ऐनमा भएको विद्यमान व्यवस्थाअनुसार यस्ता उद्योगले सुरुआतदेखि नै कम्तीमा ६० प्रतिशत निर्यात गर्नुपर्ने हुन्छ । पहिलो दुई वर्षदेखि निर्यातको न्यूनतम परिमाणको मापदण्ड तोक्दा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी उत्पादनको परिमाण, गुणस्तर र मापदण्ड पूरा गर्न उद्योगीलाई कठिन हुने भएकाले यसमा संशोधनको आवश्यकता औँल्याइएको छ ।

त्यस्तै ऐनको दफा ९३ को उपदफा (२) मा पनि संशोधन प्रस्ताव गरिएको छ । विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु तथा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्ने व्यवस्थालाई संशोधन गरेर उद्योग सञ्चालनमा आएको मितिले तीन वर्षसम्म नेपालको आन्तरिक बजारमा बिक्री गर्न सकिने व्यवस्था ल्याइनुपर्ने सुझाव दिइएको छ ।

ऐन संशोधन गरी जरिवाना रकम घटाउन प्रस्ताव गरिएको छ । 'उद्योगले आफ्नो वस्तु वा सेवा ऐनमा उल्लिखित परिमाणभन्दा बढी नेपालको आन्तरिक बजारमा बिक्री गरेको पाइएमा प्राधिकरणले बिगोको १० प्रतिशत रकम जरिवाना गर्नेछ', भन्ने व्यवस्था गर्न कार्यदलको सुझाव छ । हालको व्यवस्थाबमोजिम यस्तो कसुरमा प्राधिकरणले बिगोबमोजिमको रकम जरिवाना गर्ने व्यवस्था थियो । तर प्राधिकरणको पूर्वस्वीकृति लिई नेपालको आन्तरिक बजारमा बिक्री गर्दा भने जरिवाना नलाग्ने व्यवस्था गरिनुपर्ने उल्लेख छ ।

**वन ऐन, २०७६**

यो ऐनमा 'वन पैदावार'को परिभाषाबाट 'चट्टान, माटो, नदीजन्य र खानीजन्य पदार्थ' हटाई 'वन बुट्यान क्षेत्रभित्र पर्ने चट्टान, ढुङ्गा, गिट्टी र माटो' थप गरिनुपर्ने सुझाव दिइएको छ ।

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृति भएको योजना, राष्ट्रिय गौरवका आयोजनाको प्रस्तावक वा लगानीकर्ताले सट्टाभर्ना स्वरूप दिनुपर्ने जग्गाको सट्टा तोकिएबमोजिमको रकम नै जम्मा गर्न चाहेमा मन्त्रालयको अनुमतिमा त्यस्तो रकम वन विकास कोषमा जम्मा गर्न सक्ने ऐनमा ल्याइनुपर्ने सुझाव आएको छ । त्यस्तै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृति भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा योजना कार्यन्वयन गर्न एक हेक्टरसम्मको राष्ट्रिय वन क्षेत्रमा भएका रुखहरूको कटान गर्ने वा हटाउने सम्बन्धमा मन्त्रालयले तोकिएबमोजिम स्वीकृति प्रदान गर्ने सक्ने व्यवस्था ल्याइनुपर्ने उल्लेख छ । विद्यमान वन ऐनमा यो व्यवस्था छैन ।

सरकारी स्वामित्व भएका संस्थाबाट विद्युत् प्रसारण वा वितरण, सञ्चार सेवा वा यस्तै अन्य प्रयोजनका लागि राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्रको (टावर प्याड) लागि तोकिएको रकमको १० प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत् मार्गको अधिकार क्षेत्र (राइट अफ वे) मा रुख कटान भएबराबरको क्षेत्रमा काटिएका रुखको दशगुणा सङ्ख्यामा वृक्षरोपण गर्न लाग्ने तोकिएबमोजिमको रकम वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था पनि ऐनमा राख्नुपर्ने सुझाव कार्यदलबाट आएको छ ।

तर नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा लगानी बोर्डबाट विद्युत् प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त अयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड)को लागि तोकिएबमोजिम रकमको शतप्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत् मार्गको अधिकार क्षेत्र (राइट अफ वे) मा रुख कटान भएबराबरको क्षेत्रमा काटिएका रुखको दशगुणा सङ्ख्यामा वृक्षरोपण गर्न लाग्ने तोकिएबमोजिमको रकम वन विकास कोषमा जम्मा गर्नुपर्ने छ ।

राष्ट्रिय वनभित्र खनिज पदार्थ भए-नभएको अन्वेषण गर्नुपर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले सोका लागि अनुमति दिनुपर्ने छ । हालको व्यवस्थाबमोजिम प्रदेश मन्त्रालयले अनुमति दिनसक्ने व्यवस्था रहे पनि यस्तो व्यवस्था बाध्यकारी भने देखिँदैन ।

त्यस्तै वन ऐनको दफा ४३ को उपदफा (१) मा संशोधन प्रस्ताव गरिएको छ । 'राष्ट्रिय वनभित्रको खनिज पदार्थ उत्खनन गर्नुपर्ने भएमा प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन गर्न नेपाल सरकारले वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ', भन्ने व्यवस्था ऐनमा राख्न प्रस्ताव गरिएको छ । खनिज पदार्थ उत्खनन गर्ने सम्बन्धमा खानी तथा खनिज पदार्थ ऐन, २०४२ अनुकूल बनाउनका लागि वन ऐनमा यस्तो संशोधनको आवश्यकता औँल्याइएको हो । तर राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत भएका आयोजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न बाहेक वन बुट्यान क्षेत्रभित्र पर्ने चट्टान, ढुङ्गा, गिट्टी र माटो उत्खनन गर्न नपाइने व्यवस्था ऐनमा राखिनुपर्ने सुझाव कार्यदलले दिएको छ ।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९**

संरक्षित क्षेत्रमा गर्नुपर्ने विकास निर्माणलाई सहजीकरण गर्न आवश्यक रहेको भन्दै यो ऐनको दफा ६ मा संशोधन गरिनुपर्ने उल्लेख छ । 'राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र सरकारले अतिसंवेदनशील भनी तोकेबाहेकका क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ', भनी व्यवस्था थप गर्नुपर्ने सुझाव आएको छ । विद्यमान ऐनमा यो व्यवस्था थिएन ।

**भूमिसम्बन्धी ऐन, २०२१**

भूमिसम्बन्धी विद्यमान ऐनको दफा १२ (क) मा संशोधन गरी हदबन्दी छुटलाई नियमन गर्नेसम्बन्धी विशेष व्यवस्थामा संशोधनको आवश्यकता औँल्याइएको छ । ऐनको उक्त दफामा संशोधन गरी 'यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ', भन्ने व्यवस्था राख्न सुझाव दिइएको छ । ऐनको हालको व्यवस्थाबमोजिम तीन महिनाभित्र एकपटकका लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली सरकारसमक्ष निवेदन दिनुपर्ने व्यवस्था रहेको छ ।

त्यस्तै ऐनको दफा १२ (ख) मा संशोधन गरी हदबन्दीभन्दा बढी जग्गा प्राप्त गरेका उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाले सूचित आदेशमा तोकिएको शर्तबमोजिम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि मात्र त्यस्तो जग्गा प्रयोग गर्नुपर्ने भन्ने व्यवस्था ल्याइनुपर्ने उल्लेख छ । बैंक वा वित्तीय संस्था वा सहकारी सङ्घसंस्थाले कर्जा सुरक्षणबापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी बैंक वा वित्तीय संस्था वा सहकारी सङ्घसंस्था आफैँले सकार गरेको जग्गा सो जग्गा प्राप्त भएको वा न्यायिक निकायमा मुद्दा परी अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र बेचबिखन गरिसक्नुपर्ने छ । सो तीन वर्षभित्र पनि बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखनका लागि नेपाल सरकारको स्वीकृति लिनुपर्ने छ ।

ऐनको दफा १२ (ग) मा बिक्री वितरण वा सट्टापट्टा गर्न नहुने भन्ने प्रतिबन्धात्मक वाक्यांशपछि 'अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्ने सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी आयोजना, शिक्षण वा स्वास्थ्य संस्था, फर्म, सङ्घसंस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुनसक्ने भएमा ऋण फर-फारक र दायित्व भुक्तानी गर्नका लागि दफा ७ मा तोकिएको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधिनमा रही मन्त्रालयको स्वीकृतिमा एकपटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन', भन्ने व्यवस्था थप गरिनुपर्ने उल्लेख छ ।

**वातावरण सरंक्षण ऐन, २०७६**

ऐनको दफा ११ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थपको प्रस्ताव गरिएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नुपरेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नुपरेमा, वनक्षेत्र थप गर्नुपरेमा वा आयोजनाको क्षमता वृद्धि गर्नुपरेमा प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने छ भन्ने व्यवस्था राखिनुपर्ने उल्लेख छ । तर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित राष्ट्रिय वनक्षेत्रको क्षेत्रफल वा कटान हुने रुख सङ्ख्या घटेको हकमा जतिसुकै र बढेको हकमा १० प्रतिशतसम्म भएमा पूरक वातावरणीय अध्ययन गर्नुपर्ने छैन । यसरी राष्ट्रिय वनक्षेत्रको क्षेत्रफल वा कटान हुने रुख घटेको वा बढेकामा प्रस्तावकले सोको जानकारी सम्बन्धित निकायमा दिनुपर्ने व्यवस्था ल्याइनुपर्ने उल्लेख छ ।

**विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३**

यो ऐन संशोधन दफा ७२ (क) थप गर्नुपर्ने सुझाव कार्यदलले दिएको छ । 'विदेशी मुद्रामा रकम भुक्तानी गरी कम्प्युटर नेटवर्क वा कम्प्युटर प्रणालीमा प्रयोग हुने कुनै सफ्टवेयर, हार्डवेयर वा कम्प्युटर वा सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा विदेशबाट आयात गर्नुपर्ने भएमा लगानीकर्ताले त्यस्तो सामग्री वा सेवा नेपालमा भित्र्याउन विदेशी मुद्रा सटही सुविधा मागगरेमा सूचना प्रविधि विभागले सम्बन्धित निकायमा तोकिएबमोजिम सिफारिस गर्नुपर्ने छ' भन्ने वाक्यांश थप गरिनुपर्ने उल्लेख छ ।

त्यस्तै सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले विदेशमा शाखा वा युनिट खोल्न सक्ने व्यवस्था पनि थप गर्नुपर्ने देखिएको छ । 'नेपालमा स्थापित भएका सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले निर्माण गरेका सफ्टवेयर र सूचना प्रविधि विषयसँग सम्बन्धित सेवाहरू विदेशमा निर्यात गरी विदेशमा आर्जित रकम स्वदेशमा भित्र्याउने प्रयोजनका लागि सम्बन्धित देशको कानुनको अधिनमा रही विदेशमा शाखा वा युनिट खोली व्यापारिक कारोबार गर्नका लागि मन्त्रालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले अनुमति दिनेछ', भन्ने व्यवस्था थप गरिनुपर्ने आवश्यकता औँल्याइएको छ ।

**नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३**

ऐनको दफा ५ मा संशोधन प्रस्ताव गरिएको छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको अडिटले मन्त्रालयले इजाजत दिने प्रमाणपत्र र सिकागो महासन्धिअनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रदान गर्ने प्रमाणपत्रमा दोहोरोपन भएको भन्ने व्यहोरा उठाएकाले मन्त्रालयले इजाजत दिने व्यवस्था हटाइनुपर्ने सुझाव आएको छ ।

त्यस्तै ऐनको दफा ५ मा केही व्यवस्था थप गर्नुपर्ने प्रस्ताव गरिएको छ । विमानस्थल सञ्चालक तथा एयर नेभिगेसन सर्भिस (एएनएस) सेवा प्रदायकको नियमन गर्नका लागि विभिन्न शर्तहरू तोकी अनुमति वा प्रमाणपत्र प्रदान गर्न जरुरी रहेको भन्दै ऐनमार्फत यस्तो व्यवस्था ल्याउन प्रस्ताव गरिएको छ । 'प्रचलित कानुनबमोजिम नेपालमा स्थापना भएका विमानस्थल सञ्चालकलाई विमानस्थल सञ्चालन गर्न तोकिएबमोजिम अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने, निलम्बन गर्ने, रोक लगाउने वा रद्द गर्ने' अधिकार प्राधिकरणलाई दिइनुपर्ने व्यवस्था ऐनमा गरि नुपर्ने सुझाव आएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित मौजुदा नीतिगत, संरचनागत एवं प्रक्रियागत सुधारका लागि सुझाव कार्यदलले यस्तो सुझाव दिएको हो । मुलुकमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्न एक दर्जन कानुन र नियमावलीमा संशोधन प्रस्तावसहित कार्यदलले आज मुख्यसचिव डा वैकुण्ठ अर्याललाई सुझाव पेस गरेको हो ।

औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लगायत ऐनका व्यवस्था संशोधनको सुझाव दिइएको छ । त्यस्तै भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्डयन ऐन, २०५३ का व्यवस्थामा पनि संशोधन गर्न सुझाव दिइएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा समेत संशोधनको आवश्यकता औँल्याइएको छ ।रासस

## नेपालमा पहिलो पटक कुरान शरीफ वाचन तथा स्मरण प्रतियोगिता



टुडे समाचारदाता

काठमाण्डु । नेपालमा पहिलो पटक राष्ट्रिय स्तरमा कुरान वाचन तथा स्मरण प्रतियोगिताको आयोजना गरिएको छ ।

साउदी दूतावासको सहयोगमा मुस्लिम आयोगले आयोजना गरिएको उक्त प्रतियोगिताको मुस्लिम आयोगका अध्यक्ष समीम मिया अन्सारी र नेपाल स्थित साउदी राजदूत साद नासिर अब्दुलाहले संयुक्त रूपमा उदघाटन गरेका छन् । प्रतियोगितामा देश भरिबाट करिव दुई सयभन्दा बढी मुस्लिम छात्रछात्रा (तालिवा) हरु सहभागी भएका छन् ।

प्रतियोगिता उदघाटन समारोहलाई सम्बोधन गर्दै आयोगका अध्यक्ष अन्सारीले यस्ता कार्यक्रमले मदरसामा पढने छात्रछात्राहरुलाई कुरान शरिफको अध्यनप्रति रुचि बढ्ने, कुरानका वाक्यहरु सहि तरिकाले उच्चारण गर्ने तथा कुरानको वास्तविक संदेश सर्वसाधारण प्रवाह गर्ने मद्दत पुग्ने बताए ।

आयोगले नेपाली मुस्लिम समुदायको संरक्षण, प्रबर्द्धन तथा उत्थानका लागि विभिन्न कार्यक्रम गर्दै आएको बताउदै अध्यक्ष अन्सारीले यस्ता कार्यक्रममा सहयोग गरेकोमा साउदी सरकारलाई समेत धन्यवाद दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल स्थित साउदी राजदूत साद नासिर अब्दुलाहले मुस्लिम छात्रछात्राहरुको क्षमता अभिवृद्धिका लागि यस्तो कार्यक्रममा सहयोग गरेकोमा साउदी सरकार नेपाल सरकार र मुस्लिम आयोगलाई धन्यवाद दिए । यस्ता कार्यक्रमले दुई देशको सम्बन्ध प्रगाढ हुने उनको भनाइ थियो ।

प्रतियोगितामा राष्ट्रिय सभा सदस्य मौलना खालिद सिद्दिकी, आयोगका सदस्यहरु मिर्जा अर्शद बेग, समसुल हक, महमदीन अली,आगोयका सचिब चण्डी प्रसाद घिमिरे, भारतको दिल्ली स्थित साउदी दूतावासका उप प्रमुख बदर नासिर अल्नाजी, मौलाना अब्दुल कयूम, मौलाना नजरुल हसन फलाही, डाक्टर अब्दुल गनि अल्काफी सहितका सहभागिता रहेको थियो ।

आयोगका सदस्य तथा प्रवक्ता मिर्जाले विभिन्न उमेर समूहमा प्रथम, दोस्रो तथा तेस्रो हुने १७ जना छात्रछात्रहरुलाई पुरस्कृत गर्ने बताए ।

## एमाले महोत्तरीमा यादव प्यानल विजयी

टुडे समाचारदाता

जलेश्वर । नेकपा (एमाले) महोत्तरी जिल्ला अध्यक्षमा बलराम यादवको प्यानल विजयी भएको छ। १३ वर्ष पश्चात् भएको एमाले महोत्तरीको छैंटो जिल्ला अधिवेशनमा जिल्ला अध्यक्ष पदमा एकभन्दा बढी आकाँक्षी भएपछि निर्वाचन प्रक्रियामार्फत नेतृत्व चयनका लागि भएको मतदान भएको थियो ।

मतदान पश्चात् शनिबार बिहान सार्वजनिक गरिएको मतगणना परिणाम अनुसार बलराम यादव नेतृत्वको प्यानल विजयी भएको निर्वाचन अधिकृत उद्धव बहादुर क्षेत्रीले बताए ।

निर्वाचन अधिकृत क्षेत्रीका अनुसार नेकपा एमाले महोत्तरी अध्यक्षमा यादव २५९ मत ल्याई विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी शिवचन्द्र सिंहले १५५ मत ल्याएको निर्वाचन अधिकृत क्षेत्रीले बताए।

विजयी भएका यादव प्यानलबाटै उपाध्यक्षमा अम्बिका प्रसाद गौतम २३७ , सचिवमा शम्भु ठाकुर २२८, उपसचिवमा फेकन राम चमार २२३ र लेखा समिति अध्यक्षमा सूर्य प्रसाद सिंह कुशवाहा २४२ मत ल्याएर विजय भएका छन् ।

निकटतम प्रतिद्वन्द्वीहरू उपाध्यक्षमा दलबहादुर थापाले १५५, सचिव जीतेन्द्र चौधरी १५५, उपसचिवमा नयिम अंसारी १४२ र लेखा समिति अध्यक्षमा शम्भु महतो १२२ मत ल्याएको निर्वाचन अधिकृत क्षेत्रीले बताए । ४३७ मतदाता रहेको नेकपा एमाले महोत्तरीमा ४२९ मतदान भएको थियो।

## प्रहरीले दुई सय ५२ वटा हराएका मोटरसाइकल फेला पारे

टुडे समाचारदाता

काठमाण्डु । नेपाल प्रहरीले हराएका दुई सय ५२ मोटरसाइकल फेला पारी धनीलाई हस्तान्तरण गरेको छ ।

विभिन्न मितिमा हराएका ती मोटरसाइकललाई चालु आर्थिक वर्षको ६ महिनामा फेला पारी धनीलाई हस्तान्तरण गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा प्राप्त निवेदनका आधारमा खोजी गर्ने क्रममा फेला परेका दुई सय ५२ ओटा सवारी साधनधनीलाई जिम्मा लगाएको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए । उनका अनुसार शुक्रबार १७ वटा दुईपाङग्रे सवारी साधन खोजी गरी ट्राफिक प्रहरीले सम्बन्धित सवारीधनीलाई हस्तान्तरण गरेको छ ।प्रहरीले अवैध रुपमा नेपाल भित्रिएका १२ वटा सवारी साधन भन्सार कार्यालयमा बुझाइएको काठमाडौं भट्टले बताए । चालु आर्थिक वर्षको हालसम्म चोरीका २० सवारी साधनसहित चोरीमा संलग्न २४ जना व्यक्तिलाई कारबाहीका लागि विभिन्न प्रहरी परिसर तथा प्रहरी वृत्तमा पठाइएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा प्राप्त निवेदनका आधारमा खोजी गर्ने क्रममा केही वास्तविक नम्बर प्लेटमै र केही नक्कली नम्बर प्लेट राखेको अवस्थामा काठमाडौं उपत्यकाका बौद्ध, माछापोखरी, कालोपुल, बाफल, कालीमाटी, दरबारमार्ग, सिंहदरबार, नारायणटार,कपन,गहनापोखरी,बालाजु, बूढानीलकण्ठ, चुनदेवी, फर्पिङ, नयाँबसपार्कलगायत स्थानमा दुईपाङ्ग्रे सवारी साधन ट्राफिक प्रहरीले फेला पारेको थियो । सवारी साधन हराएमा ट्राफिक प्रहरीको हटलाइन नं १०३, नेपाल प्रहरीको हटलाइन नं १०० मा फोन गर्न र नजिकको प्रहरी कार्यालयमा निवेदन दिन सकिनेछ ।

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

**युएसएआईडी–नेपालमा रोजगारीको अवसर**

युएसएआईडी-नेपालले **"USAID Project Management Specialist (Field Program Specialist-East Nepal)"** र **"USAID Project Management Specialist (Field Program Specialist-West Nepal)"** को पदमा रोजगारीको अवसरबारे सूचना जारी गरेको छ ।

**आवेदन खुला हुने मिति : February 11th, 2024**


**आवेदनको अन्तिम मिति : March 10th, 2024 – 11:59 P.M.**

उक्त पदबारे विस्तृत विवरण, सूचना र रोजगारीको आवेदन कसरी पेस गर्ने भन्नेबारे बुझ्न हेर्नुहोस् युएसएआईडी-नेपालको वेबसाइट : **https://www.usaid.gov/nepal/careers** ।

अपूर्ण आवेदन प्याकेज स्वीकार गरिने छैन भने संक्षिप्त सूचीमा पर्न सफल आवेदकहरूलाई मात्र कर्मचारी भर्ती प्रक्रियामा सहभागिताका लागि सम्पर्क गरिनेछ ।

कुनै सोधपुछका लागि कृपया **usaidnepalhr@usaid.gov** मार्फत् युएसएआईडी-नेपालको मानव संसाधन कार्यालयलाई सम्पर्क गर्नुहोला ।

**रोजगारीमा समान अवसर** : नेपालस्थित अमेरिकी मिसनले जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रिय मूल, उमेर, अपाङ्गता, राजनीतिक आबद्धता, वैवाहिक हैसियत वा यौनिक झुकावको परवाहबिना सबै व्यक्तिलाई रोजगारीमा समान अवसर र निष्पक्ष तथा समतामूलक व्यवहार उपलब्ध गराउँछ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रोत्साहित गर

मधेश प्रदेश सरकारले विभिन्न विधामा उत्कृष्ट कार्य गर्नेहरुलाई प्रोत्साहित गर्ने भएको छ । सरकारले त्यसका लागि कार्यविधि पारित गरेको छ । प्रदेशमा विविध क्षेत्रमा उत्कृष्ट कार्य गर्नेहरुलाई सरकारले प्रोत्साहित गर्नुपर्छ । सरकारले प्रदेश पदकका लागि ऐन बनाए पनि कार्यविधि नबनेको कारण कार्यान्वयन हुन सकेको थिएन् । कार्यविधि बनाएपछि पदक वितरणको कार्य सरकारले सुरु गर्न सहज हुनेछ । मधेश प्रदेशमा मुख्य आधार कृषि र दोस्रो उद्योग हो । प्रदेशको दुई वटा जिल्ला बारा र पर्सा औद्योगिक जिल्ला हो । देशमा सर्वाधिक राजस्व बुझाउने जिल्ला मध्ये बारा र पर्सा हो । अन्य जिल्लाहरुमा पनि उद्योग छ । तर ती दुई जिल्ला प्रमुख हो । सरकारले कृषि, पशु, उद्योग, व्यवसाय, शिक्षण, स्वास्थ्य, सञ्चार, गृह लगायतका क्षेत्रमा उत्कृष्ट योगदान दिनेहरुलाई पदक प्रदान गर्नेछ । त्यसबाट सम्बन्धित क्षेत्रमा कार्य गर्नेहरु प्रोत्साहित हुनेछन् । सरकारले वितरण गर्ने पदकहरुको सम्मान बढाउन प्रदेश सरकारको सम्बन्धित निकायहरुमा पदक प्राप्तकर्ताहरुलाई विशेष नागरिकको मान दिनु पर्छ । पदक प्राप्त महानुभावलाई सरकारले सम्मानगर्न मातहतका निकायहरुलाई निर्देशन दिनुपर्छ । कुनै कामका लागि लाम बस्नुपर्दा पदक प्राप्त महानुभावले लाममा नबसि सेवा, सुविधा प्राप्त गर्न पाउनु पर्छ । प्रदेश सरकारले विशिष्ट दर्जाको नागरिकले पाउने सुविधा दिन थाले त्यसबाट पदक पाउन उत्साहसाथ सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याउने प्रतिस्पर्धा बढ्ने छ । सरकारले निष्पक्ष रुपमा मूल्यांकन गरी पदकका लागि योग्य महानुभावहरुको चयन गर्नुपर्छ । राजनीति भन्दा माथि उठेर छनोट गरिए पदकको प्रतिष्ठा झन बढ्ने छ । हचुवाको आधारमा अथवा पहुँचको आधारमा पदक वितरण हुन थाले त्यसको महत्व घट्ने छ । नेपाल सरकारले पदक वितरण बन्द गरिसकेको छ । संघीय सरकारले वितरण गर्ने पदकको व्यापक आलोचना हुन थालेपछि सरकारले यस वर्ष पदक वितरण रोकेको हो । पदक पाउने महानुभावको छनोट प्रकृयालाई निष्पक्ष रुपमा नगरेपछि कतिपय पदक प्रापकले फिर्ता नै गरेका छन् । प्रदेश सरकारले त्यस्ता विवादबाट मुक्त भएर पदकका लागि महानुभावको छनोट गर्नुपर्छ । प्रदेश सरकारले सम्मान गर्ने थालनी चाँडो गरोस् । यसले हरेक क्षेत्रका व्यक्तिहरुलाई थप क्रियाशील बनाउने छ । पदक वितरणमा कुनै प्रकारको कमीकमजोरी हुन दिनु हुँदैन् । पदकसँगै सरकारले विभिन्न विधाका व्यक्तिहरुलाई पुरस्कारको पनि व्यवस्था गर्नुपर्छ । पुरस्कारको घोषणा पनि सरकारले चाँडै गरोस् ।

# देश र समाजको उत्थानमा धार्मिकस्थलको भूमिका



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

कुनैपनि मुलुकको अर्थतन्त्रलाई सशक्त बनाउनमा सुशासनका साथै उद्योग, व्यवसाय, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रको महत्वपूर्ण योगदान हुन्छ । यसबाहेक, कतिपय मुलुकमा धार्मिक क्षेत्रले पनि अर्थतन्त्रलाई गतिशील राख्नमा मदत पुऱ्याउँछ । पशुपतिनाथ मन्दिरलगायत दर्जनौं मन्दिरहरुले नेपालको अर्थतन्त्रलाई सशक्त बनाउन भूमिका निर्वाह गरिरहेका छन् । तर, अर्थतन्त्रमा पुऱ्याएको दायित्वको सन्दर्भमा त्यस्तो लेखाजोखा सार्वजनिक गरिएको देखिएको छैन् ।

भारतले धार्मिक पर्यटकको महत्व सम्झेर त्यसतर्फ, योजनाबद्ध ढङ्गले कार्य गर्दै धार्मिक पर्यटकको सङ्ख्यामा गुणात्मक रुपमा बृद्धि गराउन योजनाबद्ध ढङ्गले कार्य गरिरहेका छन् ।

आन्तरिक धार्मिक पर्यटकको सङ्ख्यामा बृद्धिका लागि सरकारलाई योजनाबद्ध ढङ्गले कार्य गर्नुपर्छ । भारतमा तीर्थयात्राबाट अर्थतन्त्रलाई कुन किसिमले सहयोग पुऱ्याइरहेको छ, त्यस विषयमा संक्षिप्त जानकारी राख्न खोजिएको छुँ । भारतजस्तै नेपालले पनि आफ्ना प्रसिद्ध धार्मिकस्थलतर्फ तीर्थाटनका लागि आकर्षित पार्नुपर्छ ।

नेपाल र भारतमा प्रसिद्ध मन्दिरहरु छन् । सदियौंदेखि दुवै देशका हिन्दुहरु तीर्थाटनका लागि आवतजावत गर्दै आइरहेका छन् । यसरी, तीर्थाटन गर्दा दुवै राष्ट्रको अर्थतन्त्रमा कतिको योगदान पुऱ्याइरहेको चर्चा परिचर्चा हुनु स्वाभाविक हो । आजभोलि, प्रत्येक विषयमा नाफा नोक्सान, राजनीतिक लाभ र हानीको दृष्टिले हेर्ने परिपाटी बसेको छ । भारतको अर्थतन्त्रमा तीर्थाटनको योगदानका साथै लाखौं व्यक्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगार उपलब्ध गराइरहेको देखेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रसिद्ध धार्मिकस्थलको विकासमा धेरै बढी जोड दिएका छन् ।

भारतको अयोध्यामा रामलला मन्दिर निर्माणको सन्दर्भमा कतिपयले मन्दिरमा लगानी गर्नुको सट्टा विद्यालय, अस्पताल र विकास निर्माणमा खर्च गर्नुपर्ने तर्क दिने गर्दथ्यो । तर, के मन्दिरले राष्ट्रको अर्थतन्त्रमा योगदान पुऱ्याउँछ कि पुऱ्याउँदैन् । धनी मन्दिरहरुले समाजको उत्थान, अस्पताल निर्माण, विद्यालय सञ्चालनका साथै विकास कार्यमा योगदान पुऱ्याइरहेको छ कि छैन भन्ने विषय अधिकारिक रुपमा बुझ्नु आवश्यक छ । अयोध्यामा नवनिर्मित रामलला मन्दिरमा दुई साताको अवधिमा करिव बीस लाख मानिसले दर्शन गरेका छन् । बाह्र करोड रुपैयाँ दानस्वरुप प्राप्त भएको छ । भारतका प्रसिद्ध मन्दिरहरुमा दानस्वरुप प्राप्त रकममा सरकारले निश्चित कर निर्धारण गरेको छ । त्यसलाई मन्दिरको अर्थतन्त्रको रुपमा व्याख्या गरिन्छ ।

धर्मस्थल आस्था र राजनीतिका साथै तीर्थस्थानहरुको पनि अर्थशास्त्र हुन्छ । जसलाई मन्दिरहरुको अर्थविज्ञान भनिन्छ । यसले भारतको अर्थतन्त्रमा कतिको प्रभाव पार्छ ? यो महत्वपूर्ण विषय हो । मन्दिरको अर्थशास्त्रले भारतको जिडिपिमा आफ्नो भूमिका निर्वाह गरेको छ ।

मन्दिर र तीर्थस्थलको सन्दर्भमा आमधारणा के छ भने स्थानीयलाई रोजगार प्रदान गर्छ र पर्यटनको विकासमा वल पुऱ्याउँछ । भारतमा मन्दिरको अर्थशास्त्रलाई दृष्टिगत गर्दा जिडिपिमा धार्मिक यात्रामार्फत २ दशमलव ३२ प्रतिशत हिस्सेदारी देखिन्छ । समग्रमा भन्नुपर्दा, मन्दिरमार्फत तीन लाख करोडभन्दा बढी रुपैयाँका आम्दानी हुने गर्छ । तीर्थयात्री घरबाट निस्केपछि बाटोमा यातायात, भोजन र आवासका साथै पुजाका सामाग्रीलगायतमा खर्च गर्छन् । एक अनुमानको आधारमा ५५ प्रतिशत हिन्दु धार्मिक यात्रा गर्छन् । यस अन्तर्गत छोटोदेखि लामो दूरीको यात्रा पर्छ ।

भारत सरकारको साङख्यिकी मन्त्रालय मातहतको नेशनल सेम्पल सर्वे अर्गनाइजेशन (एनएसएसओ) को तथ्याङ्कले भारतीयहरु व्यापारका लागि भ्रमण गर्नुभन्दा बढी धार्मिक यात्रामा जाने गरेको तथ्याङ्क सार्वजनिक गरेको छ । सो तथ्याङ्कको आधारमा प्रति भारतीय धार्मिक यात्रामा प्रतिदिन दुई हजार ७१७, सामाजिक यात्रामा प्रतिदिन एक हजार ६८ रुपैयाँ, शैक्षिक यात्रा प्रति व्यक्ति दुई हजार दुईसय छियासी रुपैयाँ खर्च गर्छन् । समष्टिगत रुपमा प्रतिदिन भारतमा धार्मिक यात्रामार्फत एक हजार ३१६ करोड खर्च हुन्छ भने बर्षभरिमा चार लाख ७४ करोड खर्च हुन्छ । सार्वजनिक सवारी साधनबाट आवतजावत, होटेलका साथै पुजापाठका सामाग्रीका साथै अन्य सामाग्रीहरु खरिद गर्ने गरिन्छ । सो कारण साना व्यापारीदेखि ठूला व्यापारीबीच अर्थतन्त्र चलायमान रहन्छ ।

> वर्ल्ड गोल्ड काउन्सिलको अनुसार विभिन्न मन्दिरहरुमा कमसेकम तीन हजार टन सुन मौंज्दात छ । अर्थशास्त्रीहरु ति जगेडामा रासखएका सुनलाई निष्क्रिय ठान्छन । अर्थतन्त्रमा कुनै योगदान नगरेको कारणले निष्क्रिय ठानेको हो । तर,उतिखेरका राजा महाराजाहरुले मन्दिरको खजानामा ठूलो परिमाणमा सुन राख्नुको मुख्य उद्देश्य कथङ्कदाचित अनिकाल र युद्धलगायतका कारण मुलुकको अवस्था अत्यन्त कमजोर भएको बेलामा सो सुनको उपयोग गरी अर्थतन्त्रलाई सुधार गराउनमा टेवा पुग्ने रणनीतिअनुरुप सुन राख्ने गरिन्थ्यो ।

नेपाल र भारतको अनगिनत मन्दिर एवम् तीर्थस्थलप्रति करौंडो मानिसको भावना जोडिएको छ । नेपालमा प्रसिद्ध धार्मिकस्थललाई पर्यटकीयस्थलको रुपमा योजनाबद्धले अगाडि बढाइएको खण्डमा मुलुकको अर्थतन्त्रमा धेरै सहयोग पुग्ने छ । भारतमा पहिलेदेखि नै तीर्थाटनप्रति बढी सरकारले उदारताका साथ कार्य गर्दे आइरहेको छ । सन् २०१४मा नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि उनले धार्मिकस्थलको जगेर्ना गर्नुका साथै प्रसिद्ध धार्मिकस्थलको विकसित गर्नका लागि सडकलगायत विभिन्न पूर्वाधार निर्माणमा जोड दिएका छन् । सो कारणले धार्मिक पर्यटकको आगमणमा बृद्धि भएको देखिन्छ । भगवान रामको जीवन दर्शनका लागि रामायण सर्किट निर्माणका कार्य तीव्र रुपमा भइरहेको छ । सो सर्किटलाई जनकपुरधामसँग जोडिने लक्ष्य छ । यसमार्फत, जनकपुरमा भारतीय तीर्थयात्रीको सङ्ख्यामा गुणात्मक रुपमा बृद्धि हुने विश्वास गरिन्छ ।

मन्दिर र तीर्थस्थहरु आस्थासँग जोडिएकाले श्रद्धालुहरु मन खोलेर खर्च गर्छन् । मन्दिरको यहि अर्थविज्ञानले भारतको विकासमा गति प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । अव, नेपाललाई पनि धार्मिक करिडोर निर्माण गर्नेतर्फ अग्रसर हुनुपर्छ ।

भारत सरकारले धार्मिक यात्रालाई बढाउनमा प्रयासरत देखिन्छ । काशी विश्वनाथ परियोजना सो मध्ये एक हो । तीर्थाटनका लागि रामायण सर्किट, चारधाम रोड परियोजना, बुद्ध सर्किट, केदारधामको कायाकल्प, बद्रीधामको कायाकल्प, जम्मु कश्मिर मन्दिरको जीर्णोद्धार लगायतका प्रसिद्ध धार्मिक स्थलहरु तर्फ बढी केन्द्रीत देखिन्छ ।

यस्तो, मात्रै होइन कि हिन्दुहरु मात्र धार्मिक क्षेत्रको भ्रमण गर्छन् । मुश्लिमहरुपनि प्रसिद्ध मजार र मस्जिदहरुमा पुग्ने गर्छन् । जसमध्ये राजस्थानको अजमेरशरीफ छन् । दैनिक हजारौंको सङ्ख्यामा श्रद्धालुहरु मजारमाथि चादर चढाउन पुग्छन् । सउदी अरबले मुश्लिम धर्मालम्बीहरुको पवित्रस्थल मक्का र मदिनामा बर्षेनी करौंडो मानिस पुग्ने गर्छन् । सोबापत सउदीले १२ लाख करोड रुपैयाँको आम्दानी गर्छन् । अव, आम्दानी दोब्बार पार्नका लागि विस्तृत परियोजना शुरु गरेको छ । यसले सउदी अरबको अर्थ व्यवस्थामा धेरै ठूलो टेवा पुऱ्याएको छ ।

अमेरिको अर्थतन्त्रमा धार्मिक आस्थाको कुल हिस्सेदारी ९१ लाख करोडको छ । सोमध्ये धार्मिक उत्सवमा ३२ लाख करोड र धार्मिक संस्थामार्फत २३ लाख करोड र धर्मसँग जोडिएको व्यवसायमार्फत ३३ लाखका कारोवार हुने गर्छ ।

नेपालको पनि कतिपय मन्दिरमा चढाइएको भेटीबाट विद्यालयलाई सहयोगका साथै विकास निर्माणलगायत समाजसेवा हुने गर्दछ । सोमध्ये अर्घाखाँचीको सुपादेउराली माताको मन्दिरमा चढाइएको भेटीबाट दुई विद्यालयको दुई शिक्षकको मासिक तलव र अन्य खर्चसमेत गरी एक विद्यालयलाई ६५ र अर्कोलाई ५५ हजार रुपैयाँ प्रतिमहिना उपलब्ध गराउँदै आइरहेको छ । यसका साथै, अनाथ, असहाय र देवीप्रकोपमा परेकालाई पनि आर्थिक सहयोग गर्दै आइरहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्सबहादुरले बताएका छन् । यदि, मन्दिरहरुका ठीक ढङ्गले व्यवस्थापन र प्रचारप्रसार गरेर आन्तरिक श्रद्धालुलाई पनि आकर्षित पार्न सक्यो भने अर्थतन्त्रलाई सवलता प्रदान गर्नमा अहम् भूमिका निर्वाह हुनेछ । भारतका प्रसिद्ध मन्दिरहरुमा उत्तराखण्डको बद्रीनाथ, ओडिसाको जगन्नाथ, गुजरातको द्वारिकाधीश, कर्णाटक हम्पीको विरुपाक्ष मन्दिर, काश्मिरको वैष्णोदेवी मन्दिर, हिमाचलको केदारनाथ मन्दिर, काशी विश्वनाथ, अमरनाथ गुफा, वैकेटेश्वर तिरुपति बालाजीलगायतका मन्दिरहरुमा पुजापाठका लागि लाखौं हिन्दुहरु पुग्ने गर्छन् । त्यस्तै, ताप्लेजुङको पाथिभारा मन्दिर, संखुवासभा चैनपुरको सिद्धिकाली मन्दिर, खोटाङको हलेसी महादेव मन्दिर र गुफा, सुनसरीको बराह क्षेत्र, सप्तरीको छिनमस्तिका भगवती, जानकी मन्दिर राम मन्दिर, भक्तपुर चाँगुनारायण मन्दिर, धरानको बुढासुब्बा र दन्तकाली मन्दिर, काठमाडौंको पशुपतिनाथ मन्दिर, बुढानिलकण्ठ, मुस्ताङको मुक्तिनाथ मन्दिरमा लाखौं मानिसहरु धार्मिक यात्रा गर्छन्

### मन्दिरको लगानी

मध्यप्रदेशको दस ठूलो मन्दिरमा प्रत्येक बर्ष २०० करोड रुपैयाँ दानबापत प्राप्त हुन्छ । उज्जेनको महाकाल मन्दिरले बर्षेनी १०० करोड दान प्राप्त गर्छ । दक्षिणको मन्दिरमा आन्ध्रप्रदेशको चित्तुर जिल्लास्थित तिरुपतिस्थित तिरुमाला वैंकटेश्वर मन्दिर देशकै सवैभन्दा धनी मन्दिरको रुपमा गणिन्छ । सन् २०२२-२३मा ट्रस्टको आय तीन हजार ९६ करोड थियो । सन् २०२४मा चार हजार ४११ करोड लक्ष्य राखिएको थियो । अहिले यस विषयमा अधिकारिक घोषणा गरिएको छैन् । सो मन्दिरको ट्रस्टले एउटा मेडिकल काँलेज, तीनवटा अस्पताल, पाँचवटा औषधि पसल, १२ वटा क्याम्पस र १३ स्कूल सञ्चालन गर्छन् । यसका साथै, दैनिक पच्चीस हजारभन्दा बढीको भक्तजनहरुको भोजन गराउँछन् । भारतको धनी मन्दिरमध्ये मुम्बईको सिद्धिविनायक मन्दिर ट्रस्टले आत्महत्या गरेका किसानको सन्तानलाई पढाईमा आर्थिक मदत गर्छ । प्रायः कपासको खेतिमा मौंसमको कारणमा मारमा परेका महाराष्ट्रका केही किसानहरु आत्महत्या गर्न बाध्य हुन्छन् । उनीहरुको सन्तानलाई स्नातकसम्म पढाउने जिम्मेवारी सो मन्दिरको ट्रस्टले उठाएको छ । सो मन्दिरको बार्षिक आम्दानी ६५ करोड छ ।

शिरडीस्थित साई बावाको मन्दिरमा दैनिक ६० लाखभन्दा दानबापत रुपैयाँ प्राप्त हुन्छ । बर्षेनी ३०० करोड रुपैयाँ मन्दिरको आम्दानी हुने गरेको छ । शिरडी साई बावा संस्थानले अस्पताल, शिक्षा क्षेत्रका साथै अन्य सामाजिक कार्यमा आम्दानीको पचास प्रतिशतसम्म खर्च गर्ने गर्छ । शिरडी बावा संस्थानले उच्चस्तरीय अस्पतालका साथै सडक निर्माण, खानेपानी, शिरडी विमानस्थल निर्माणका साथै मुख्यमन्त्री राहतकोषमा पनि दान दिन्छन् । मन्दिर बनाएर के हुने ? भन्ने नास्तिकवादीहरुलाई मन्दिरले सामाजको उत्थानमा खेलेको भूमिका बारे जानकारी लिएर प्रतिक्रिया दिनुपर्ने हो ।

केरलको पद्मनाभ मन्दिरमा एक लाख करोडको खजाना दुई बर्षअघि फेला पऱ्यो । त्यसपछि, यो मन्दिर भारतको सवैभन्दा धनी मन्दिरमा सूचिकृत भयो । तिरुपति मन्दिरको बर्षेनी बजेट अढाई हजार करोडको छ । बर्षभरमा कर्मचारीको तलव, भक्तलाई दिइने सुविधा,चिकित्सा सेवा शिक्षा र विपन्न परिवारसमेत आम्दानीकोा एकभाग खर्च गर्छ । अकूत धन सम्पतिको रुपमा भारत र नेपालको अनेकौं मन्दिरहरु छन् । ठूलो परिमाणको रुपमा सुन राख्ने मन्दिरको सो सोना मुलुकको अर्थव्यवस्थामा खर्च गऱ्यो भने अर्थतन्त्र सशक्त हुनेछ ।

वर्ल्ड गोल्ड काउन्सिलको अनुसार विभिन्न मन्दिरहरुमा कमसेकम तीन हजार टन सुन मौंज्दात छ । अर्थशास्त्रीहरु ति जगेडामा रासखएका सुनलाई निष्क्रिय ठान्छन । अर्थतन्त्रमा कुनै योगदान नगरेको कारणले निष्क्रिय ठानेको हो । तर,उतिखेरका राजा महाराजाहरुले मन्दिरको खजानामा ठूलो परिमाणमा सुन राख्नुको मुख्य उद्देश्य कथङ्कदाचित अनिकाल र युद्धलगायतका कारण मुलुकको अवस्था अत्यन्त कमजोर भएको बेलामा सो सुनको उपयोग गरी अर्थतन्त्रलाई सुधार गराउनमा टेवा पुग्ने रणनीतिअनुरुप सुन राख्ने गरिन्थ्यो ।'इतिश्री'

# पत्रकारको श्रमका पक्षपाति सुशील'दा



विपुल पोखेल


नेपाल पत्रकार महासङ्घको एउटा महाधिवेशनलाई सम्बोधन गर्ने क्रममा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले भन्नुभएको थियो- "अब पत्रकारहरु पनि गाडी चढ्न सक्ने हुनुपर्दछ ।" उहाँको त्यो सम्बोधन हुँदै गर्दा प्रज्ञा-प्रतिष्ठानको हल हाँसो र तालीले गुञ्जायमान भयो । पत्रकारले पारिश्रमिक पाउने र गाडी किन्ने अवस्थाको निर्माण असम्भव जस्तै लाग्थ्यो त्यो बेला । त्यसैले हल हाँसोसहित गुञ्जायमान भएको थियो । तर कोइरालाको त्यो भनाइको अन्तर्य निकै गहन थियो ।

श्रम गर्ने पत्रकारले श्रमको उचित सम्मान नपाउने कुरा एउटा लोकतान्त्रिक नेतृत्वका लागि स्वीकार्य थिएन । उहाँले पत्रकारको यो पीडा राम्रोसँग महसुस गर्नुभएको थियो । कोइरालाले भने झैं यतिबेला सबै श्रमजीवी पत्रकार गाडी चढ्न नसके पनि सम्पादक गाडी चढ्न थालेका छन् । पत्रकार सम्मेलन गर्नका लागि आयोजकहरुले गाडी सहजरुपमा पार्किङ गर्न सकिने स्थान खोज्न थालेका छन् । सुशील कोइराला नेपाली राजनीतिमा एउटा आदर्श, सादगी अनि सहज नेताका रुपमा चिनिनु हुन्छ । उहाँले आफूलाई जीवनपर्यन्त बिपी कोइरालाको एउटा असल अनुयायीका रुपमा प्रस्तुत गर्ने प्रयत्न गर्नुभयो भन्ने गरिन्छ, २०१७ सालको 'कु' नभएको भए सुशील कोइराला चलचित्रको नायक बन्नुहुन्थ्यो । नायक हुनु भनेको सृजनशील हुनु हो ।

राजनीतिमा सृजनशीलता सधैँ अपेक्षित हुन्छ । त्यसैले दार्शनिकहरुले भन्ने गरेका छन्, राजनीति कला पनि हो, विज्ञान पनि हो । विज्ञानले परिणाम निकाल्छ, कलाले त्यो परिणाम निकाल्नका लागि भूमिका खेल्छ । त्यसकारण कला अर्थात् सृजनशील पक्षको अभाव भएको नेतृत्वले राजनीतिमा कुनै परिणाम दिन सक्दैन । सृजनशील सुशील कोइरालाले आफ्नो जीवनमा परिणाम मात्र दिनुभयो । उहाँ प्रधानमन्त्री हुँदा असम्भव झैं लाग्ने संविधान नै जारी गर्नुभयो ।

संविधानका पिताको विशेषण आफ्ना नामका अगाडि थपेर उहाँको निधन भयो । उहाँ नायक हुने सपनामा रमाउँदै गर्दा उहाँलाई कसैले पनि राजनीतिमा जम्ला भनेर सोच्नुभएको थिएन तर तानाशाही व्यवस्था प्रारम्भ भएपछि उहाँले आफ्नो व्यक्तिगत चाहनाको क्षेत्र छाडेर लोकतान्त्रिक आन्दोलनको सिपाही हुने निधो गर्नुभयो । कोइराला परिवारको व्यवस्थापनका नाममा लोकतान्त्रिक आन्दोलनसँग जोडिनुभयो । उहाँ सबै निजी स्वार्थभन्दा टाढा हुनुहुन्थ्यो । यतिसम्म कि उहाँले विवाहका प्रशस्त सम्भावनालाई नकार्दै एउटा आन्दोलनमा प्रतिबद्ध सिपाहीका रुपमा आफूलाई समर्पित गर्नुभयो ।

लोकतन्त्रकका पक्षमा यसरी समर्पित कोइरालाले नागरिक अधिकारभन्दा ठूलो केही कुरालाई पनि मान्नु भएन । लोकतन्त्रलाई उहाँले संसारको उत्तम शासन व्यवस्था ठान्नुभयो । लोकतान्त्रिक पद्धतिको पक्षमा उहाँले आफूलाई सधैँ उभ्याइरहनुभयो । एउटा रोचक सन्दर्भ छ कोइरालाको । बाँकेबाट चुनाव लड्दै गर्दा कोइरालासँग स्थानीयले खानेपानीको धाराको अपेक्षा गरे । चुनावको बेलाको अपेक्षालाई उम्मेदवारले 'हुन्छ' भन्छन् र भन्नुपर्छ भन्ने आम अपेक्षा थियो । तर कोइरालाले खरो जवाफ दिनुभयो, "धारा देनेका काम म्युनिसिपिलिटीवाले करेङ्गे, मै तो कानुन निर्माण के लिए पार्लियामेन्टके मेम्बरके लिए इलेक्सनमे आया हुँ, पानी के नल आप लोगौँको मुझसे नहीँ मागनी चाहिए ।"



यो जवाफ कोइरालाका लागि प्रत्युत्पादक भयो । उहाँले २०५१ सालको चुनाव हार्नुभयो । विसं २०६४ को चुनाव पनि कोइरालाले हार्नुभयो । तर उहाँले आफ्नो अभिव्यक्तिलाई कहिल्यै गलत ठान्नुभएन । कोइराला भन्नुहुन्थ्यो, "लोकतन्त्र गतिशील भयो भने आवश्यकताअनुसारको विकास अनिवार्य हुन्छ ।" उहाँको यो आदर्श नेपालको सन्दर्भमा कहिले कार्यान्वयन हुने हो वा होइन ? यो कुराको जवाफ समयले देला । तर कोइरालाको यो पवित्र सोच नेपालका सबै राजनीतिक नेतृत्वमा देखियो भने अवस्था परिवर्तन हुन कुनै समय लाग्ने छैन ।

राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन प्रारम्भ भएपछि कोइराला नेपालगञ्जको प्रहरी कार्यालयमा कैदी हुनुभयो । संयोगले भेट्ने अवसर पाइयो । लामो कुराकानी पछि उहाँले भन्नुभयो, "गणतन्त्रको पक्षमा तपाईंहरु (पत्रकारहरु)ले जनमत बनाई दिनूस्, अनि कुरा गरम्ला ।" उहाँको यो अभिव्यक्तिसँगै कोइराला बसेको कोठाको माथि टाँगिएका राजारानीको फोटो देखाउँदै मैले भने, 'सुशील'दा त्यो फोटोको ठाउँमा म राष्ट्रपति सुशील कोइरालाको फोटो हेर्न चाहन्छु ।" मैले यसो भन्दा उहाँले आँसु झार्नुभयो । पत्रकार महासङ्घका तत्कालीन सभापति तारानाथ दाहाल, सदस्य विनोद ढुङ्गेल, पोषण केसी र नेपालगञ्जका पत्रकार कृष्ण अधिकारी यो संवादका साक्षी थिए ।

कोइरालाको आँसुमा मैले गणतन्त्रको चित्र देखेँ । जनमत निर्माणमा लागियो । अनी उहाँकै नेतृत्वमा गणतान्त्रिक संविधान बन्यो । मिडियासँगको यो ढङ्गको अपेक्षा र विश्वास कमै राजनीतिक नेतृत्वले गरेका हुन्छन् । सुशील कोइरालामा त्यो तहको विश्वास थियो । उहाँ प्रधानमन्त्री हुँदा संविधानका विषयमा छलफल हुँदा पत्रकारिताका सन्दर्भमा छलफल हुँदा उहाँले सधैँ 'पत्रकार महासङ्घले के भन्छ यो विषयमा ?' भनेर सोध्ने गर्नुहुन्थ्यो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बिपी कोइराला अनि गिरिजाप्रसाद कोइरालाको जस्तै प्रस्ट दृष्टिकोण थियो सुशील कोइरालाको । लोकतन्त्रको निरन्तर अभ्यासको कडा पक्षपाति कोइरालाले मिडियालाई लोकतन्त्रको निरन्तर अभ्यासका लागि 'मोविल'को सङ्ज्ञा दिनुहुन्थ्यो ।

मिडियाको महत्वलाई यसरी बुझ्न सक्ने राजनीतिक नेतृत्व हुने हो भने नेपाली मिडियाका धेरै समस्याको समाधानका लागि राज्य सहयोगी हुन्थ्यो होला । उहाँ पत्रकारिताका पक्षपातीमात्र नभएर नेपाली राजनीतिका असल पात्र हुनुहुन्थ्यो । त्यही असल बाटो हो, जुन यात्राले उहाँलाई नेपाली जनतामाझ लोकप्रिय बनायो र राजनीतिमा सफल पनि गरायो । कोइराला राजनीतिलाई असल मार्ग हिँडाउन खोज्नुहुन्थ्यो । कम बोल्ने, तर मीठो बोल्ने उहाँको स्वभाव, व्यवहार र सरलताको प्रत्यक्ष साक्षी भएका कारण पनि यो अनुभव भएको हो ।

दोस्रो निर्वाचित संविधानसभाले संविधान बनायो । प्रधानमन्त्री कोइरालाले सबैको योगदानलाई समेटेर संविधान जारी गर्ने सफल वातावरणलाई नेतृत्व दिन सके आन्तरिक तनाव र बाह्य दबाबका कारण बनेर संविधान आउने, नआउने वा कहिले आउने अनिश्चयका बीच सहमति, सहकार्य, एकता र मेलमिलाप सूत्र पढाएर उहाँले त्यो सफलता नेपाली राजनीतिलाई दिन सक्नुभएको हो । राजनीतिलाई स्वच्छ नैतिक दायित्व मान्ने उहाँले आफ्नो जीवनको अन्तिम ध्येय संविधान बनाउन निश्चित गर्नुभएको थियो । नेपाली राजनीतिका ती मूर्धन्य पात्र एवं राष्ट्रिय ध्येयमा समर्पित राजनीतिज्ञ सुशील कोइराला बित्नुभएको नवौं वर्ष प्रवेश गरेको छ । नवौं स्मृति दिवसमा उहाँप्रति भावभिनीश्रद्धा, श्रद्धाञ्जलि ।

(लेखक नेपाल पत्रकार महासङ्घका सभापति हुनुहुन्छ ।)

# सरकारले जनताका अपेक्षा पूरा गर्नुपर्ने नेता खनालको भनाई




टुडे समाचारदाता

कास्की । पूर्वप्रधानमन्त्री एवं नेकपा(एकीकृत समाजवादी)का नेता झलनाथ खनालले सरकारले जनताका अपेक्षा पूरा गर्नुपर्ने बताएका छन् ।

समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले जनअपेक्षा पूरा गर्न नसकिएकाले जनतामा असन्तोष, आक्रोस बढ्नुका साथै जनताले दिशाहीन महसुस गरेको उल्लेख गरे । नेता खनालले जनताका आधारभूत समस्या छुनेगरी सरकारले काम गर्नुपर्ने बताए । सरकारले सही ढङ्गले काम गर्न नसक्दा राजावादी र पुनरुत्थानवादी शक्ति बढेको नेता खनालले जिकिर गरे । अहिलेको बाटो यथास्थितिको भएकाले यसको परिवर्तन सम्भव भएकाले राजनीतिक पार्टीहरुले नयाँ ढङ्गले सिंहावलोकन गर्नुपर्ने उनले उल्लेख गरे ।

नेता खनालले भने, "सत्तामा बसेका शक्तिले ठीक ढङ्गले काम गर्न नसकेकाले अन्य शक्ति देखिएका छन् । सत्तामा बस्नेले नीति र कार्यक्रममा परिवर्तन गर्नु आवश्यक छ ।" नेपालको कम्युनिष्ट आन्दोलनमा गलत वैचारिक र राजनीतिक कार्यदिशाका कारण विभाजन आउने गरेको उनको भनाइ थियो । उनले सही कार्यदिशा भएका खण्डमा कम्युनिष्ट आन्दोलन पुनःएकताबद्ध हुने उल्लेख गरे ।

"दश लाख पार्टी सदस्य भएको नेकपामा विभाजन भएको छ । विभाजनका कारण गलत वैचारिक राजनीतिक कार्यदिशा हो । सही वैचारिक राजनीतिक कार्यदिशा भयो भने कम्युनिष्ट आन्दोलन एकताबद्ध हुन्छ । कम्युनिष्ट, वामपन्थीको एकता इतिहासको आवश्यकता हो", खनालले भने । समाजवाद प्राप्तिको नीति, कार्यक्रम र नेपाली विशेषताको समाजवादका बारेमा उनले प्रष्ट पार्टुपर्नेमा जोड दिए । नेकपा(एकीकृत समाजवादी)को आसन्न राष्ट्रिय महाधिवेशनपछि नेपाली कम्युनिष्ट र समाजवादी आन्दोलनमा नयाँ लहर सिर्जना हुने नेता खनालले दाबी गरे ।

# परिवर्तनका पक्षधरलाई गोलबन्द हुन प्रधानमन्त्रीको आह्वान

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पहिचान र अधिकारको पक्षमा सङ्घर्षरत राजनीतिक शक्ति र नेतृत्वमा परिवर्तनका पक्षधर गोलबन्द हुनुपर्ने बताएका छन् । राष्ट्रिय सोनाम ल्होछारका अवसरमा शनिबार टुँडिखेलमा आयोजित तामाङ सांस्कृतिक महोत्सवमा उहाँले पहिचान र अधिकारका पक्षधर वर्ग, जाति र समुदायको सहयोगमा मात्रै सङ्घीयता कार्यान्वयनमा गुणात्मक फड्को मार्न सकिने बताए ।

"म यसै मञ्चबाट विशेष अनुरोध गर्दछु, पहिचान र अधिकारको पक्षमा सङ्घर्षरत राजनीतिक शक्ति र नेतृत्वलाई तपाईंहरुले राम्रोसँग चिन्नुस्, यसको वरिपरि गोलबन्द हुनुस्", प्रधानमन्त्रीले भने, "फेरि हामी शक्तिशाली हुनेछौँ, आन्दोलनका बाँकी कार्यभार पूरा हुनेछन् ।"

आफू दोस्रो पटक प्रधानमन्त्री हुँदा सात सय ५३ स्थानीय तहको निर्धारण, स्थानीय तहको निर्वाचन, सङ्घीयताअनुरूप कार्यालयको स्थापनामा महत्वपूर्ण काम भएको स्मरण गर्दै उनले अहिले सङ्घीयता कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको स्पष्ट पारे ।

हाले मात्र राष्ट्रिय समन्वय परिषद्का दुईवटा बैठक सम्पन्न भएका बताउँदै प्रधानमन्त्री दाहालले कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको अन्तिम प्रक्रियामा रहेको जानकारी दिए । उनले भने, "सङ्घीयताको सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखिएको छ, सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षा ऐन, सङ्घीय प्रहरी ऐनलगायत ऐन पारित गर्न उच्च महत्व दिएको छु । प्रहरी समायोजनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।"




पहिचान र अधिकार स्थापित गर्ने संविधान जारी गर्न दशौँ हजार योद्धाले बलिदान गरेका स्मरण गर्दै प्रधानमन्त्री दाहालले भने, "क्रान्तिकारी शक्ति, पार्टी र नेतृत्वलाई बलियो बनाएर मात्र संविधानको प्रगतिशील कार्यान्वयन र थप अधिकारको आधारशिला खडा हुन सक्छ भन्नेमा हामी सबै गम्भीर हुनैपर्छ ।"प्रधानमन्त्री दाहालले अबको सङ्घीय मन्त्रिपरिषद् पुनःगठनका क्रममा बागमती प्रदेशमा तामाङ समुदायबाट सरकारमा प्रतिनिधित्व गराइने प्रतिबद्धता व्यक्त गरे । सोनाम ल्होछार मनाउन तामाङ समुदायलाई सरकारका तर्फबाट प्रदान गरिने सहयोगलाई वृद्धि गरिने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

प्रधानमन्त्रीले सोनाम ल्होछारले क्रान्तिकारी नीति र नेतृत्वको वरिपरि गोलबन्द हुँदै थप अधिकार प्राप्तिको दिशामा एकताबद्ध भई अगाडि बढ्न सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गरे । उनले तामाङ समुदायको मुख्य पर्व ल्होछारका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गरे । नेपाल तामाङ घेदुङ मूल समारोह समितिका अध्यक्ष वीरबहादुर योञ्जनले तामाङ समुदायको इतिहास, उक्त समुदायले राज्यमा पुऱ्याउँदै आएको योगदानलगायत विषयमा जानकारी गराएका थिए ।

तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट स्थान रहेको छ । गणितमा आधारित ल्हो परम्परा तामाङ संस्कृतिकै अभिन्न अङ्ग बनेको छ । नेपालमा मात्र नभई चीन, मङ्गोलिया, जापान, हङकङ, भियतनाम, लाओस, थाइल्यान्ड, ताइवान, मलेसिया, सिङ्गापुरमा पनि चन्द्रमासमा आधारित ल्होछार (नयाँ वर्ष) मनाइने गरेको छ । नेपालका ह्योल्मो, मनाङे, ह्म्ली तामाङ, डोल्पो, तोप्केगोला, सिङ्सा, ताङ्बे, थकाली, जिरेल, खाम्मगर, दुरा, भोटे, नेस्याङबा र केही शेर्पा समुदायले मान्दछन् ।

महोत्सवका अवसरमा तामाङसमुदायको वेशभूषा, रहनसहन, खानाका परिकारसहित समेटिएको सयौँभन्दा बढी प्रदर्शनी कक्ष राखिएका छन् । महोत्सवमा कुलागी, लुकुनी, स्यान्थापलगायत परम्परागत पोसाकमा सजिएका युवायुवती डम्फू र ट्ङ्खाको धुनमा नृत्य प्रस्तुत गरेका थिए । काठमाडौँ वरपरका काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सिन्धुली, नुवाकोट, मकवानपुर, रसुवा, धादिङलगायत जिल्लामा तामाङ समुदायको जनसङ्ख्या १६ लाख रहेको बताइएको छ । यस वर्षको सोनाम ल्होछार बिरालो वर्षको विदाइ र ड्रागन वर्षको स्वागत गरेर उक्त समुदायले मनाइरहेको छ । बागमती प्रदेशले तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता प्रदान गरेको छ ।

समारोहमा प्रधानमन्त्रीलाई तामाङ पहिरनबाट सम्मान गरिएको थियो । समारोहमा प्रधानमन्त्री दाहालले बागमती प्रदेशका मन्त्री तीर्थ लामालगायत तामाङ समुदायका विभिन्न विधाका अगुवा व्यक्तित्वलाई सम्मान गर्नाका साथै विश्व कीर्तिमानी मोहन घिसिङलाई सम्मान गरेका थिए ।

# बजेटमा सांसदलाई विभेद गरिनु भएन : सांसद तिमलसेना

काठमाण्डु । संसदको अघिल्लो अधिवेशनबाट नागरिकता विधेयक र मिटरब्याजसम्बन्धी विधेयक मात्र पारित भए । अबको अवधिवेशन प्रभावकारी हुन्छन् र पर्याप्त कानुन बनेर आउँछन् भन्ने विश्वास छ। सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित विधेयक बुधबार मात्रै प्रतिनिधिसभाबाट पारित भएको छ । संसद्को यो अधिवेशनबाट थुप्रै महत्वपूर्ण कानुन बन्छन् भन्नेमा हामी आशावादी छौँ ।

संसद्मा पर्याप्त विधेयक ल्याउने र संसद्लाई बिजनेस दिने भन्ने कुरा हामी सांसदले मात्रै भनेर भएन । विधेयक मस्यौदा तयार पार्ने निकाय र कर्मचारी संयन्त्रले पनि प्रभावकारी रुपमा काम गर्न सक्नुपर्छ । उहाँहरुले जुन तदारुकता र फूर्तिका साथ काम गर्नुपर्थ्यो, अहिले त्यो हुन सकेको देखिँदैन । सोचेको जति काम गर्न सकिएन भनेर प्रधानमन्त्री स्वयम्ले पनि पटक–पटक भनिरहनुभएको छ ।

संसदीय समितिका कामले पनि अहिले विस्तारै लय समाउँदैछन् । सांसदहरु आफ्नो निर्वाचन क्षेत्रमा गएका बेला केही समितिका बैठकमा गणपूरक सङ्ख्या (कोरम) नपुग्ने अवस्थामा देखिने गरेको छ। संसद् कहिले बस्छ र समितिका बैठक कहिले बस्ने भनेर संसद्को क्यालेण्डर नै बनिसकेको हुनाले अब संसद् र समितिहरुको काम प्रभावकारी हुन्छ भन्ने अपेक्षा हामीले लिएका छौँ । कानुन निर्माणका क्रममा सबै दलका भावनालाई समेटेर अधिकतम सहमति जुटाएर जानुपर्छ भन्ने हुन्छ । सकभर सर्वसम्मतिबाट कानुन बनेर आउन् भन्ने चाहना हुन्छ । सर्वसम्मति भएन भने बहुमतीय प्रक्रियामा त जानु नै पर्यो । यो सबै प्रक्रियामा समय लाग्छ । कानुनको मस्यौदा संसद्मा लैजाने बित्तिकै पारित भएर आउने भन्ने हुँदैन ।

संसद्ले कानुन बनाउनेसँगै नागरिकका गुनासा र आकाङ्क्षा सम्बोधनका लागि भूमिका खेल्नुपर्ने हुन्छ। जनताका आवश्यकता, जनतामा परेका पीरमर्का पनि संसद्मा ल्याउनुपर्छ । म तराई क्षेत्रबाट प्रतिनिधित्व गर्छु । तराई क्षेत्रमा सिँचाइको समस्या छ । किसानले समयमा सिँचाइ सुविधा पाएर बालीनालीको उत्पादन बढ्यो भने त्यसले मुलुकको समग्र अर्थतन्त्रमा नै सकारात्मक प्रभाव राख्छ । सदनमा यो विषयमा हामीले पटक–पटक कुरा उठाएका छौँ । तर प्रभावकारी रुपमा सुनुवाई हुन सकेको छैन ।

विकास निर्माणका काममा बजेट विनियोजनमा कुशलता छैन । मन्त्रीको निर्वाचन क्षेत्रमा धेरै बजेट जाने गरेको छ । तर जहाँ बढी आवश्यकता छ, त्यहाँ बजेट जान सकेको छैन । कुनै निश्चित क्षेत्रमा मात्रै बजेट केन्द्रित गर्नुभन्दा समग्र तराईका भूभागमा सिँचाइको सुविधा पुऱ्याउन सक्यो भने उत्पादन बढ्थ्यो । ठूल्ठूला भ्युटावर बनाउनका लागि बजेट विनियोजन गर्नुभन्दा उत्पादन बढाउने गरी कृषि सिँचाइका क्षेत्रमा बजेट जान सके त्यसले किसानलाई मात्र होइन मुलुकको समग्र अर्थतन्त्रलाई नै सहयोग पुऱ्याउँछ । आन्तरिक उत्पादन बढ्यो भने अहिले हामीले व्यहोरिरहेको ठूलो व्यापार घाटा न्यून गर्न सकिन्छ । जनताका भावना र आवश्यकताको चाहनाअनुसार विकास निर्माणका काम हामीले गर्नसक्नुपर्थ्यो । तर गर्न सकेका छैनौँ ।

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ल्याइएकामा अदालतमा मुद्दा परेपछि कार्यान्वयन हुन सकेन । सांसदलाई बजेट दिने भन्ने बित्तिकै त्यो हिनामिना हुन्छ या आर्थिक अनुशासन पालना हुँदैन भन्ने परेको छ । तर विगतमा यही कार्यक्रमबाट भएका कामको अवस्था हेर्ने हो भने निकै सन्तोषजनक छ । संसद्ले कार्यान्वयन गर्ने भनेर निर्णयमा कार्यपालिका र न्यायपालिकाबाट अवरोध भएको छ । संसद्मा सांसदले जति विषय उठाएका छन्, सरकारबाट त्यसको सुनुवाइ हुने हो भने जनताका गुनासा विस्तारै कम हुँदै जानेछन् ।

सरकारले विवेकपूर्ण बजेट ल्याउन आवश्यक छ । विवेकपूर्ण बजेट आउने हो भने मात्रै पछाडि परेका वर्ग र विकास आवश्यकता भएका वास्तविक क्षेत्रमा बजेट जानसक्छ। विकासका दृष्टिकोणले जहाँ आवश्यकता छ, त्यहाँ बजेट दिनुपर्छ । सन्तुलित विकास हुनसक्यो भने मात्रै देशले कायापलट गर्न सक्छ। सिँचाइ, खानेपानी, स्वास्थ्य, शिक्षालगायतका मौलिक अधिकारको प्रत्याभूतिसँग जोडिएका विषयमा सरकारले विभेद गर्नुहुँदैन । न्यायसङ्गत तरिकाले बजेट विनियोजन गर्नुपर्छ । उदाहरणका लागि, रौतहट जिल्लामा एउटा मेडिकल कलेज चाहिन्छ भनेर मैले पटकपटक संसद् र बाहिर पनि भनिरहेको छु । त्यहाँ, सिँचाइ र तटबन्धको पनि आवश्यकता छ। उपचार नपाएर नागरिकले अकालमा ज्यान गुमाइरहेका छन् । क्यान्सर, मिर्गौला, टाउकाको चोटपटकलगायतका जोखिमपूर्ण रोगलाई निःशुल्क स्वास्थ्योपचार दिइनुपर्छ भनेर मैले आवाज उठाएको छु। कर्णाली, मधेस प्रदेशमा विकासको आवश्यकता बढी छ । तर त्यहाँ बजेट कम गइरहेको छ । हामीले यसबारे आवाज उठाइरहेको भए पनि सरकारले व्यवस्थापन गर्न सकेको छैन । हामीले बोल्नु मात्रै तर सम्बन्धित निकायबाट सुनुवाइ नहुने हो भने त्यसको कुनै अर्थ हुन्न ।

जनताको चाहना र अपेक्षाअनुसार काम हुन सकेको छैन । यो यथार्थ हो । तीन तहको सरकार हुँदा पनि सेवाप्रवाह सहज हुन सकेको छैन । नागरिकस्तरमा निराशा बढ्दो छ । यी र यस्ता विषयलाई सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा बजेटमा सम्बोधन हुनेगरी विभेदरहित भए बजेट आउँछ भन्ने अपेक्षा छ । शक्ति र पहुँचका आधारमा बजेट बाँड्नु भएन । आवश्यकताका आधारमा बजेट विनियोजन हुनुपर्यो । सिचाईं, पर्यटन, जलविद्युत्लगायतका क्षेत्रलाई बजेटको केन्द्रमा राखेर जानुपर्छ । त्यसमा सरकारको ध्यान पुग्न सकेको छैन । अनुत्पादक क्षेत्रमा बजेट जाने गरेको छ । उदाहरणका लागि, हामीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा विमानस्थलमा भएको लगानी, त्यसको प्रतिफल र अर्थतन्त्रमा त्यसले पार्ने सकारात्मक प्रभाव कति छ भन्ने कुराको विश्लेषण गरेका छौं वा छैनौं ? त्यही तुलनामा निजगढ विमानस्थल र द्रुतमार्ग बनेको भए त्यसको फाइदा कति हुन सक्थ्यो भनेर हामीले विश्लेषण गरेका छौं ? जहाँ बढी उत्पादन हुनसक्छ र देशले फाइदा लिनसक्छ त्यहाँ बजेट छुट्याइनुपर्यो ।

नागरिकस्तरबाट गुनासो र वितृष्णा बढ्दो छ । यो व्यवस्थाप्रतिको प्रश्न गुनासो नभई हाम्रो कार्यशैलीप्रतिको गुनासो हो । योभन्दा उत्कृष्ट व्यवस्था के हुनसक्छ ? तर हामीले हाम्रो कार्यशैली परिवर्तन गर्न जरुरी छ । जनताको चाहनाअनुसार काम गर्नसक्नुपर्यो । नागरिकले चाहेको भनेको विकास र समृद्धि हो । हामीले गरेका कामप्रति नागरिक सन्तुष्ट नहुँदा गुनासो बढेको हो । व्यवस्थाका सन्दर्भमा प्रश्न उठाउन मिल्दैन ।

निर्वाचनका क्रममा हामीले जनतालाई धेरै आश्वासन दिएका छौँ । धेरै काम गर्छौं भनेका छौं । प्रतिबद्धता गरेका केही काम पूरा भएका पनि छन् । तर जति हुनुपर्थ्यो त्यो मात्रामा काम भएको छैन । जति भनेका थियौँ त्यति पूरा गर्न सकेका छैनौं । महत्वपूर्ण पूर्वाधारका आयोजनाका लागि माथिल्लो तहले नीतिगत निर्णय गरेर पठाउने र तल्लो तहले कार्यान्वयनका लागि सक्रियता देखाउनुपर्ने हो । प्रदेश र स्थानीय तहमा पर्याप्त बजेट दिएर विकास निर्माणका काममा पनि ती तहलाई आबद्ध गराउनुपर्छ । तर नागरिकले सबै तहका सरकारबाट विकासको चाहना गरेको देखियो । चाहना अनुसारको नतिजा दिन सकिएको छैन । क्रमबद्ध रुपमा विकास निर्माणका काम भइरहेका भए पनि उदाहरणका लागि तराईका क्षेत्रमा आर्सेनिकयुक्त पानीका कारण त्यहाँका बासिन्दाको स्वास्थ्यमा ठूलो जोखिम रहेको छ । त्यो समस्या समाधानका लागि सबै तहका सरकार र निकायको समन्वयमा काम गर्नुपर्ने छ । चुरे र तराई क्षेत्रमा बाढी पहिरोको समस्या पनि उत्तिकै छ । यी समस्या समाधानका लागि जुन गति र स्तरमा काम हुन सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन । हामीले गरेका कामबाट आफैँ सन्तुष्ट छैनौँ भने जनता असन्तुष्ट हुनु स्वभाविक हो । जनताका प्रतिनिधिले उच्चतम सेवाको भावना र अठोटका साथ काम गर्नुपर्छ ।



सांसदहरु आफ्नो क्षेत्रका लागि योजना र कार्यक्रम मार्दै विभिन्न मन्त्रालय र राष्ट्रिय योजना आयोग धाउने प्रवृत्ति विगतदेखि नै छ । कहिँ सुनुवाइ हुन्छ, कहीं हुँदैन । विगतमा दुई तिहाइको सरकार हुँदा प्रतिपक्षका कुनै पनि कुरा सुनुवाई हुन्थेनन् । अहिले मिलीजुली गठबन्धनको सरकार छ । सबै पक्षका कुरा सुनिन्छन् भन्ने अपेक्षा छ । अब आउने बजेटमा केही सुधार हुन्छ भन्नेमा आशावादी छौँ ।

रौतहटमा मेडिकल कलेज स्थापना गर्ने, सिँचाइमा पर्याप्त लगानी गर्ने, आर्सेनिकमुक्त खानेपानीको व्यवस्था गर्ने, चन्द्रनिगाहपुरदेखि गौरसम्मको सडकखण्ड चार लेनको बनाउनेलगायतका महत्वपूर्ण कार्यका लागि बजेटको खाँचो छ । यी विषयमा धेरैपटक सदनमा कुरा पनि उठेको छ । यसपटकको बजेटले यी कुरा सम्बोधन गर्नेछ भन्ने अपेक्षा छ ।

**सांसद तिमलसेनाको परिचय**

प्रतिनिधिसभा निर्वाचन २०७९ मा रौतहट निर्वाचन क्षेत्र नम्बर ४ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित हुनुभएका देवप्रसाद तिमलसेना स्थानीयस्तरमा लोकप्रिय नेता हुनुहुन्छ । विसं २०७४ को आम निर्वाचनमा पनि उहाँ यसै क्षेत्रबाट प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले खासगरी किसानको हकहितका लागि सडकदेखि संसद्सम्म निरन्तर आवाज उठाउँदै आउनुभएको छ ।रासस

# सुशासनलाई समृद्धिको आधार बनाउनुपर्छ : मन्त्री शर्मा



टुडे समाचारदाता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुशासनलाई समृद्धिको आधार बनाउनुपर्ने बताएकी छन् । नेपाल उद्योग व्यापार महासङ्घ बागमती प्रदेशको दोस्रो साधारणसभाको शनिबार उद्घाटन गर्दै उनले सरकारी, निजीलगायत सबै क्षेत्रमा सुशासनको प्रत्याभूतिसँगै आर्थिक समृद्धि हासिल गर्न सकिने बताईन् ।

"हामीसँग स्रोत साधनको अभाव छ भन्ने कुरा साँचो हो, तर भएको स्रोत साधनको सही उपयोग नहुनु अझ ठूलो समस्या बनेको छ", मन्त्री शर्माले भने, "सरकारी क्षेत्र–क्षेत्रमा अनियमितता र चुहावटको ठूलो समस्या छ भने निजी क्षेत्र पनि करको दायरामा नआउने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलगायत धेरै समस्या देखिएका छन् ।"

परिवर्तित राजनीतिक व्यवस्थालाई बलियो बनाउँदै समृद्धिको माध्यमबाट जनताको अवस्था बदल्ने सरकारको प्रमुख कार्यभार रहेको उल्लेख गर्दै मन्त्री शर्माले भने, "जनताको अवस्था बदल्ने भनेको मूलतः आर्थिक आधार र जीवनस्तर बदल्ने नै हो । त्यसका लागि राष्ट्रिय अर्थतन्त्रको विकास अनिवार्य शर्त हो ।"

कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधि क्षेत्रको विकासबाट मुलुकको समृद्धि सम्भव रहेको जनाउँदै उनले यी क्षेत्रमा उत्पादन वृद्धि गरेर त्यसबाट आउने प्रतिफल न्यायोचित हिसाबेले आमजनतालाई बनाउनुपर्ने बताईन् । उनले भने- "दलाल पूँजीवादले राज्य वा सार्वजनिक सम्पत्तिको दोहन र जनताको श्रमको शोषण गरेर त्यसबाट प्राप्त प्रतिफल निश्चित व्यक्तिले बाँड्नुपर्छ भन्ने मान्यतालाई जोड दिन्छ तर त्यसको ठीक विपरीत सामूहिक लगानी र सामूहिक प्रतिफलमा आधारित राष्ट्रिय पूँजीको निर्माण गर्दा समाजवादी अर्थतन्त्रको आधार तयार पार्न सकिन्छ भन्नेमा हामी स्पष्ट हुनुपर्छ ।"

आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि राष्ट्रिय पूँजीपतिको आत्मविश्वास बढाउँदै उनीहरुलाई लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने र त्यसका लागि सरकार लागिपरेको मन्त्री शर्माले स्पष्ट गरिन् ।

# हिमालका समस्या समाधानमा एकीकृत प्रयास गर्नुपर्ने

टुडे समाचारदाता

काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालको विकास आकाङ्क्षा हिन्द महासागरमा निर्भर रहेको उल्लेख गर्दै यो हिन्दुकुश हिमालयको इकोसिस्टम र जलवायु अवस्था बुझ्ने माध्यमका रुपमा रहेको बताएका छन् ।

अष्ट्रेलियाको पर्थमा सातौँ इन्डियन ओसन कन्फरेन्स (सातौं हिन्द महासागर सम्मेलन)मा सम्बोधन गर्दै परराष्ट्रमन्त्री साउदले सागर र हिमाली समस्या समाधान एकीकृत र समग्रमा गर्नुपर्ने उल्लेख गरे । अष्ट्रेलिया सरकार र इन्डिया फाउन्डेसनको आयोजनामा भइरहेको सम्मेलनमा मन्त्री साउदले हिन्द महासागरलाई भूगोलका रुपमा सीमित नभई संसारको सभ्यताको केन्द्ररुपमा रहेको बताए । उनले भने, "हिन्द महासागर भूराजनीतिक, भूरणनीतिक र भूआर्थिक महत्वका दृष्टिकोणले हेर्नुपर्दछ ।"

"यहाँ दुःखका साथ भन्नुपर्छ, हिन्द महासागरले परम्परागत र गैरपरम्परागत दुवै सुरक्षा चुनौतीको सामना गर्नुपरेको छ", मन्त्री साउदले भने, "समुद्री आतङ्कवाद, डकैती, लागुऔषध र हतियारको ओसारपसार, मानव बेचबिखन, गैरकानुनी आप्रवासन एवं नैभिगेसनको स्वतन्त्रतामा अवरोधलगायत सुरक्षा चुनौती गम्भीररूपमा खडा हुनु दुःखद् छ ।" हिन्द महासागर नेपालको वैदेशिक व्यापारका लागि एक हिस्सेदार र अन्तर ष्ट्रिय बजारमा पुग्ने लाइफलाइनका रुपमा रहेको उनको भनाइ थियो ।

# जेलमा रहेका खानलाई बलियो मत, गठबन्धन सरकार गठनको वार्तामा

एएफपी

इस्लामावाद । पाकिस्तानले शनिबार सार्वजनिक गरेको अन्तिम केही निर्वाचन परिणाममा स्पष्ट बहुमत नदेखिए पनि जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानप्रति वफादार स्वतन्त्र उम्मेदवारको बलियो प्रदर्शन देखिएको छ । देशले नतिजाले आगामी केही दिन सरकार गठनका लागि राजनीतिक खरीद-बिक्रीको सामना गर्ने देखिएको छ ।

खानको पार्टी पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) ले महिनौं लामो दमनको अवज्ञा गर्दै निर्वाचन अभियानलाई अघि बढाएको थियो । चुनावकै मुखमा पीटीआईका नेतालाई विभिन्न अभियोगमा जेल सजाय तोक्ने, यस पहिले पाएको चुनाव चिन्ह् प्रयोग गर्न रोक लगाउने, प्रचारप्रसारमा अवरोध सिर्जना गर्नेजस्ता कार्यले पीटीआईले आफ्ना उम्मेदवारलाई स्वतन्त्ररूपमा निर्वाचनको मैदानमा उभ्यायो । पाकिस्तानी राजनीतिमा संस्थापन पक्षको व्यापक जालझेलबीच मैदानमा उत्रिएका स्वतन्त्र उम्मेदवारले सशक्त नतिजा निकाल्न सफल भएको छ । यसले उनीहरूका मुख्य प्रतिद्वन्द्वीहरूलाई अझै पनि चुनौती दियो ।

परिणाममा लामो ढिलाइपछि सैन्य प्रतिष्ठानले मतदानमा धाँधली गरेको आरोप पीटीआई नेताहरूले लगाएका छन् । सेनाको समर्थन रहेको भनिएको पाकिस्तान मुस्लिम लीग-नवाज (पीएमएल-एन) ले सबैभन्दा बढी सिट प्राप्त गर्ने पार्टीको रूपमा विजयको घोषणा गरेको छ । तीन पटकका पूर्वप्रधानमन्त्री नवाज सरिफले स्थापना गरेको पार्टीले सरकार गठनका लागि प्रतिद्वन्द्वी र स्वतन्त्र उम्मेदवारसँग सम्झौता गर्न बाध्य हुने देखिएको छ ।

पाकिस्तानी सेना प्रमुखले शनिबार चुनाव 'जित र हारको शून्य योगफलको प्रतिस्पर्धा' नभएको भन्दै राजनीतिक ध्रुवीकरण अन्त्य गर्न आग्रह गर्नुभएको छ । "अराजकता र ध्रुवीकरण' को राजनीतिबाट माथि उठ्न राष्ट्रलाई स्थिर हात र उपचारात्मक स्पर्शको खाँचो छ," सेना प्रमुख जनरल सैयद असीम मुनिरलाई उद्धृत गर्दै सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ । शुक्रबार अबेर सम्म विभिन्न दलका नेताहरु वार्ताका लागि पीएमएल-एनको शक्ति केन्द्र लाहोरपुगेका समाचारहरु आएका थिए ।लाहोरस्थित आफ्नो पार्टी मुख्यालयमा सरिफले भने, 'हामीसँग सरकार सञ्चालन का लागि पर्याप्त बहुमत छैन, त्यसैले हामीसँग काम गर्न सफल भएका अन्य दल र उम्मेदवारलाई आमन्त्रण गर्दछौं।

निर्वाचनमा व्यापक सहभागिता जनाउन र मतदान गर्न मतदान केन्द्रमा अनिवार्य उपस्थित हुन मतदातालाई गरिएको पीटीआईको प्रचारमा प्रयोग भएको र एआईले खानको आवाजमा तयार पारिदिएको भिडियो नै पीटीआई समर्थक 'स्वतन्त्र' उम्मेदवारको विजयका लागि महत्वपूर्ण भएको बताइएको छ । 'एक वर्ष अघि खानको वास्तविक आवाजमा गरेका सम्बोधन र उहाँको आवाजलाई कपी गरी एआईले सिर्जना गरेको भिडियो क्लिपमार्फत् निर्वाचनको प्रचारप्रसार गरिएको थियो ।

### स्वतन्त्र ९९, पीएमएल-एन ७१ र पीपीपी ५३ स्थानमा विजयी

"स्वतन्त्र स्रोतका अनुसार मतगणनाका क्रममा 'धाँधली सुरु हुनुअघि' हामीले नेशनल एसेम्लीका १५० सिटमा अग्रता लिएका थियौं," खानको एक्स अकाउन्टमा पोस्ट गरिएको निर्वाचनमा पार्टीले सफलता प्राप्त गरेको दावी गर्दै सार्वजनिक सन्देशमा भनिएको छ । मतगणनाको सुस्तताका कारण शनिबार बिहानसम्म स्वतन्त्र उम्मेदवारले कम्तीमा ९९ सिट जितेका छन्, जसमध्ये ८८ सिट खानप्रति पूर्णरूपमा वफादार रहेको पर्यवेक्षकहरूले दावी गरेका छन् ।

पीएमएल-एनले ७१ र पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) ले ५३ सिट जितेका छन् भने निर्वाचित २६६ सदस्यीय नेशनल एसेम्बलीमध्ये १५ को घोषणा हुन बाँकी छ ।मुत्ताहिदा कौमी मुभमेन्ट (एमक्यूएम) सहित साना दलले २७ सीटमा बिजय हाँसिल गरेका छन् । एमक्यूएमले १७ स्थनमा बिजयी बनेको छ भने अन्य दलले बाँकी



१० सीट जितेका छन् । साना दलको उदय आगामी दिनमा पीटीआईका लागि निकै चासोको विषय बन्नेछ । यदि पीटीआईका स्वतन्त्र उम्मेदवारहरू तीमध्ये कुनै एकमा सामेल भए भने उनीहरूले प्रतिस्पर्धात्मक मतमा पार्टीको प्रदर्शनको आधारमा छुट्याइएका महिला र धार्मिक अल्पसंख्यकहरूका लागि आरक्षित थप ७० अनिर्वाचित सिटहरूको हिस्सा लिन सक्नेछन् ।

खानका विश्वासपात्रहरूले जितेका अधिकांश सीटहरू खैबर पख्तुनख्वाका रहेका छन् । उक्त राज्यको शाङ्ला जिल्लामा कथित मतदान धाँधलीको विरोधमा प्रदर्शन गर्दा शुक्रबार प्रहरीले चलाएको गोली लागेर कम्तीमा दुई पीटीआई समर्थकहरूको मृत्यु भएको र २० भन्दा बढी घाइते भएको बताइएको थियो । त्यसै त निर्वाचन अभियानका क्रममा भएका हिंसात्मक घटनामा सुरक्षाकर्मी, दलका नेता कार्यकर्ता तथा सर्वसाधारण गरी दर्जनौं मानिसले ज्यान गुमाएका छन् ।

खैबर पख्तुनख्वाको राजधानी पेशावर र बलुचिस्तान प्रान्तको क्वेटामा पनि ' मतदानमा हस्तक्षेप र धाँधली' को विरोधमा शुक्रबार र शनिबार पनि प्रदर्शन भएको छ ।पेशावरमा करिब दुई हजार पीटीआई समर्थक प्रदर्शनमा सहभागी भएका २८ वर्षीय व्यापारी मोहम्मद सलिमले भन्नुभयो, "हाम्रो मतपरिणाम परिवर्तन भएको छ । हाम्रा सबै मतको पुनः गणना हुनुपर्छ ।"

निर्वाचन पहिले सरिफको पीएमएल-एनले सबैभन्दा बढी सिट जित्ने अपेक्षा गरिएको थियो र विश्लेषकहरूले यसका ७४ वर्षीय संस्थापकलाई सेनाको नेतृत्वमा रहेको संस्थापनको आशीर्वाद रहेको बताएका थिए ।मतदानअघिका दिनहरूमा धेरै लामो जेल सजाय सुनाइएका खानलाई १० चुनाव लड्न पनि रोक लगाइएको छ ।राष्ट्रव्यापी चुनावको दिन मोबाइल टेलिफोन ब्ल्याकआउट र परिणामको ढिलो गणनाले शरिफको सफलता सुनिश्चित गर्न सैन्य नेतृत्वको संस्थापनले प्रक्रियालाई प्रभावित गरिरहेको आशङ्का उत्पन्न गरेको थियो ।

मतदानसम्बन्धी अनुसनधानका लागि काम गर्ने ग्यालप पाकिस्तानका कार्यकारी निर्देशक बिलाल गिलानीले भन्नुभयो, "एक पार्टी र राजनीतिक समूहको रूपमा पीटीआईले नागरिक र सैन्य प्रतिष्ठानको महत्वपूर्ण प्रयासको बावजुद आफ्नो भोट बैंकलाई सुरक्षित राखेको छ ।" उहाँले एएफपीसँग भन्नुभयो, "यसले के देखाउँछ भने सेना सधैं आफ्नो मार्गमा आउँदैन, या केवले चाँदीको अस्तर हो ।"धेरै हदसम्म पीपीपीको लोकप्रियता रहेको सिन्ध राज्यमा उसले पनि अपेक्षा गरेभन्दा राम्रो प्रदर्शन गरेको छ ।

सन् २०१८ को चुनावमा पीटीआईले झिनो बहुमत प्राप्त गरेपछि पीएमएल-एन र पीपीपीले अप्रिल २०२२ मा खानलाई पदबाट हटाउन साना पार्टीहरूसँग गठबन्धन गरी खानविरूद्ध अभियान चलाएका थिए । त्यसपछि पूर्व अन्तर्राष्ट्रिय क्रिकेटर खानले मूलतः उहाँको सत्ताको उदयलाई समर्थन गरेको सेनाको नेतृत्वमा रहेको संस्थापनविरुद्ध अवज्ञाको अभूतपूर्व अभियान चलाउनुभएको थियो । खानलाई गत साता राजद्रोह, भ्रष्टाचार र गैर-इस्लामिक विवाह गरेको अभियोगमा तीन वटा छुट्टाछुट्टै मुद्दामा दोषी ठहर गरिएको थियो ।

### 'हस्तक्षेप वा धाधलीको दाबीबारे अनुसन्धान हुनुपर्ने' बेलायत र अमेरिकाको माग

बेलायतले निर्वाचनप्रति गम्भीर चिन्ता व्यक्त गरेको बताएको छ भने संयुक्त राज्य अमेरिकाले 'हस्तक्षेप वा धाँधलीको दाबीको पूर्ण अनुसन्धान हुनुपर्ने' बताएको छ ।

कार्यवाहक गृहमन्त्री गोहर एजाजले सुरक्षाको कारण देखाउँदै मोबाइल फोन सेवा स्थगन गर्ने 'कठिन निर्णय'को बचाउ गर्नुभएको छ । "मोबाइल सेवा बन्द गर्दा पाकिस्तानमा निर्वाचनको परिणाम प्रसारणमा असर पर्छ र प्रक्रियामा ढिलाइ हुनेछ भन्ने कुरामा हामी पूर्ण रूपमा सचेत थियौं, तर यो विलम्ब र हाम्रा नागरिकहरूको सुरक्षामध्ये एकदम सहज छनौट थियो," उहाँले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

लाहोरका १९ वर्षीय मोहम्मद जुबैरले पीटीआई समर्थकले पीएमएल-एनको जित स्वीकार नगर्ने बताएका छन् । "सबैलाई थाहा छ, खानका स्वतन्त्र उम्मेदवारले कति सिट जितेका छन्", उहाँले भन्नुभयो, "स्वतन्त्रहरूसँग चिनिएको कुनै चुनाव चिन्ह् , नेतृत्व गर्ने नेता, झण्डा वा ब्यानर छैन, तर पनि हामीले मैदानमा जितेका छौं ।"

पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई दङ्गासँग सम्बन्धित १२ मुद्दामा जमानत

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई रावलपिण्डीको आतङ्कवाद विरोधी अदालतले मे ९ मा भएको दङ्गासँग सम्बन्धित १२ वटा मुद्दामा जमानत दिएको द एक्सप्रेस ट्रिब्युनले जनाएको छ ।

खानका निकट सहयोगी तथा पाकिस्तानका पूर्व विदेशमन्त्री शाह महमुद कुरेशीलाई १३ वटा मुद्दामा जमानत दिइएको छ ।खानलाई पाकिस्तानी सेनाको मुख्यालय र आर्मी सङ्ग्रहालय आक्रमणका साथै सबै १२ मुद्दामा एक लाख पाकिस्तानी रुपैयाँ जमानत दिइएको छ ।

एटीसी न्यायाधीश मलिक एजाज आसिफले जमानतको आवेदनमाथि सुनुवाई गर्नुभएको थियो । अदालतले पीटीआईका संस्थापकलाई हिरासतमा राख्नुको कुनै औचित्य नभएको र मे ९ को घटनामा संलग्न सबै संदिग्धलाई जमानत दिइएको फैसला सुनाएको छ ।खान र कुरेशीलाई फेब्रुअरी ६ मा अभियोग लगाइएको थियो । द एक्सप्रेस ट्रिब्यूनका अनुसार यी दुवैलाई अदालतमा पेश गरिएको थियो र पूर्व प्रधानमन्त्रीले न्यायाधीशसँग गत बर्षको मे ९ मा इस्लामाबाद उच्च न्यायालय (आईएचसी) परिसरबाट गिरफ्तार गरिएको थियो ।

भ्रष्टाचारको आरोपमा पक्राउ परेपछि गत मे ९ मा देशभर भड्किएको दङ्गासँग सम्बन्धित थुप्रै मुद्दामा इमरानविरुद्ध मुद्दा दायर गरिएको थियो । रावलपिण्डीमा दर्ता भएका उजुरीहरूमा जनरल हेडक्वार्टर (जीएचक्यू) को गेटमा आक्रमण, संवेदनशील संस्थाको कार्यालयमा दङ्गा र अन्य घटनाहरू समावेश छन् ।उहाँले मुद्दाको पहिलो सूचना रिपोर्ट (एफआइआर) मा समावेश गरिएका दाबीहरूलाई अस्वीकार गर्नुभएको छ ।

द एक्सप्रेस ट्रिब्यूनका अनुसार अडियाला जेलबाट रिहा भएपछि पीटीआईका नेता शाह महमुद कुरेशीलाई पञ्जाब प्रहरीले जीएचक्यूमा भएको आक्रमणको आरोपमा पक्राउ गरेको थियो ।गत बर्षको मे ९ मा भएको हिंसाको अनुसन्धान गरिरहेको उच्चस्तरीय संयुक्त अनुसन्धान टोली (जेआईटी) ले गत वर्षको जुलाईमा पूर्वप्रधानमन्त्री खानलाई जीएचक्यूमा भएको आक्रमणसहित दुई आतङ्कवादी मुद्दामा नामित गर्ने निर्णय गरेको थियो ।कार्यवाहीमा नयाँ धाराहरू समावेश गरिएसँगै पीटीआई प्रमुखलाई हिंसाको योजना बनाएको र उक्साएको आरोप लगाइएको थियो ।

पाकिस्तानमा फेब्रुअरी ८ मा भएको आम निर्वाचनको परिणाम निकै प्रतिक्षित रहेका बेला इमरान खानलाई जमानत दिइएको हो ।बिहीबार भएको निर्वाचनको मतगणना जारी छ र पाकिस्तान मुस्लिम लीग-नवाज (पीएमएल-एन) सबैभन्दा ठूलो दलको रूपमा उदाएको छ तर प्रायः पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) द्वारा समर्थित स्वतन्त्र उम्मेदवारहरूभन्दा पछाडि छ ।

# नेपालले क्यानडाविरूद्धको सिरिज जित्यो

टुडे समाचारदाता

काठमाण्डु । नेपालले क्यानडाविरूद्धको तीन एकदिवसीय खेलको सिरिज जितेको छ । क्यानडाविरूद्धको शनिबार भएको दोस्रो खेल चार विकेटले जित्दै नेपालले सिरिजमाथि कब्जा जमाएको हो ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर क्यानडाले पहिला ब्याटिङ गर्ने निर्णय गऱ्यो । क्यानडाले नेपालसामु दुई सय ८६ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले उक्त विजयी लक्ष्य ४५ दशमलव एक ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका तीन खेलाडीले अर्धशतकीय पारी खेले । कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ८७ रन बनाए । उनले एक सय एक बल खेल्ने क्रममा चार छक्का र आठ चौका प्रहार गरे । यस्तै देव खनालले ८१ बलमा ७६ रन बनाए । उनले त्यसक्रममा दुई छक्का र सात चौका हाने भने अनिलकुमार साहले तीन छक्का र सात चौकासहित ५० रनको योगदान दिए । भीम सार्कीले २३, पवन शर्राफले १४ र आशिफ शेखले १० रन बनाए ।

बलिङतर्फ क्यानडाका हर्ष थाकर र ईश्वरजोत सोहीले दुई-दुई तथा शाद विन जाफर र दिलप्रित बज्वाले एक-एक विकेट लिए ।

यसअघि पहिले ब्याटिङ गरेको क्यानडाले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ८५ रनको योगफल बनायो । क्यानडाका लागि ओपनर आरोन जोन्सनले सर्वाधिक ६५ रन जोडे । उनले ६२ बलमा १० चौका र दुई छक्का हाने । यस्तै नवनित धलिवालले ४६, श्रेयश मोभ्वाले ४०, पर्गत सिंहले ३८, निकोलस कीर्तनले २०, उदय भगवान्ले २०, दिलप्रित बज्वाले १९ तथा शाहिद अहमदजाइलाईले १३ रन बनाए ।

बलिङतर्फ नेपालका लागि रोहितकुमार पौडेल र कुशल मल्लले दुई-दुई तथा सोमपाल कामी, सूर्य तामाङ, आकाश चन्द र पवन सर्राफले एक-एक विकेट लिए । यसअघि बिहीबार भएको सिरिजको पहिलो खेलमा नेपालले क्यानडामाथि रोमाञ्चक सात रनको जित हासिल गरेको थियो । नेपालले क्यानडासँग पहिलो पटक एकदिवसीय सिरिज खेलेको हो ।

# ईयूको खर्चसम्बन्धी नियममा सहमति

एएफपी

ब्रसेल्स । युरोपेली संसद् र सदस्य राष्ट्रहरूबीच शनिबार बिहानै युरोपेली सङ्घ (ईयू) को बजेटरी नियममा सुधार गर्ने विषयमा सहमति भएको छ ।

यस पाठले सन् १९९०



को दशकको उत्तरार्द्धमा सिर्जना गरिएको स्थिरता र विकास सम्झौताको रूपमा चिनिने वर्तमान नियमहरूलाई आधुनिकीकरण गरेको छ । यसले देशहरूको ऋणलाई कुल गार्हस्थ उत्पादनको ६० प्रतिशतमा सीमित गर्दछ र सार्वजनिक घाटालाई तीन प्रतिशतमा सीमित गर्छ ।

युरोपेली सङ्घको परिषद्का बेल्जियन अध्यक्षले १६ घण्टाको वार्तापछि सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "अन्ततः सम्झौता भएको छ !"ईयू प्रमुख उर्सुला भोन डेर लेयेनले भन्नुभयो, "ईयूको आर्थिक शासनको हाम्रो महत्वाकांक्षी सुधारमा राजनीतिक सम्झौताको म स्वागत गर्दछु ।"

"नयाँ नियमहरूले ईयू देशहरूलाई उनीहरूको सार्वजनिक वित्तलाई सुदृढ गर्दै उनीहरूको शक्तिमा लगानी गर्न सक्षम बनाउनेछ । यो हाम्रो साझा विकासको बाटो हो," उहाँले भन्नुभयो । युरोपेली सङ्घले जर्मनीजस्ता अधिक मितव्ययी सदस्य राष्ट्र र खर्चमा अधिक लचीलोपन चाहने फ्रान्स र इटालीजस्ता अन्य देशहरूद्वारा समर्थित सुधारहरूमा पुग्न दुई वर्ष गहन प्रयास गरेका थिए ।

बर्लिन र पेरिसबीचको लामो विवादपछि २७ सदस्य राष्ट्रले डिसेम्बरमा एउटा सम्झौता गर्दै युरोपेली संसद्का वार्ताकारहरूसँग यस बिषयमा वार्ता सुरु गरेका थिए ।यस वसन्तमा स्ट्रासबर्गमा संसदीय निर्वाचनमा मतदान गर्ने समयमा वार्ताकारहरू अन्ततः शनिबार बिहान एक सम्झौतामा पुगेका हुन् ।सांसद र राज्यहरूबीच सहमति भएपछि सुधारहरू औपचारिक रूपमा अपनाइनेछ । यस सम्झौताले सदस्य राष्ट्रहरूलाई उनीहरूको २०२५ को बजेटमा नयाँ नियमहरू लागू गर्न अनुमति दिनेछ ।

"नयाँ नियमले सन्तुलित र दिगो सार्वजनिक वित्त, संरचनात्मक सुधार, लगानीलाई बढावा दिन, वृद्धि र ईयूमा रोजगारी सिर्जना गर्न मद्दत गर्नेछ," बेल्जियमका राष्ट्रपतिले भन्नुभयो । ईयूका अधिकांश सदस्य पहिलेको बजेटसम्बन्धी संरचनालाई धेरै कठोर मानिएको थियो र वास्तवमा कहिल्यै सम्मान गरिएको थिएन । यद्यपि, कोरोना भाइरसको महामारीपछि सदस्य राष्ट्रहरूलाई ठूलो आर्थिक उथलपुथलको समयमा बढी खर्च गर्न ठाउँ दिनका लागि नियमहरू निलम्बन गरिएको थियो ।

# सामूहिक हिंसामा एक हजार एक सयभन्दा बढी हताहत

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका मानवतावादीहरूले शुक्रबार हाइटीका प्रमुख सहरहरूमा बढ्दो अशान्तिको बारेमा गहिरो चिन्ता व्यक्त गरेका छन् । जनवरीमा एक हजार १०० भन्दा बढी व्यक्ति हताहत भएका छन् ।



मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालय (ओसिएचए) ले संयुक्त अधिकारीलाई उद्धृत गर्दै राजधानी पोर्ट-ओ-प्रिन्स र अन्य प्रमुख सहरहरूमा हताहतको सङ्ख्या दुई वर्षमा सबैभन्दा बढी रहेको जनाएको छ ।

पछिल्लो समयमा, प्रदर्शनहरूको बिचमा घातक हिंसाको कारण मानवीय कार्यहरूमा ठूलो अवरोध ल्याएको छ । यसले अप्ठेरोमा परेका नागरिकहरूलाई घटनास्थलमा सहयोग गर्ने पुग्ने योजनालाई असर गरेको ओसिएएचएले जनाएको छ । हिंसाबाट देशभरी तीन लाख १३ हजारभन्दा बढी मानिसहरू विस्थापित भएका छन् ।सडक अवरोध र आवागमन प्रतिबन्धले स्वास्थ्य सेवाकर्मीहरूलाई असर गर्ने तथा आवश्यक सामाजिक सेवाहरूको पहुँचमा सम्झौता गर्नु पर्ने मानव अधिकारकर्मीले बताएका छन् । उनीहरूका अनुसार सडक र बन्दरगाहसम्म पुग्न कठिनाइ हुँदा जीवन-रक्षक राहतको वितरणलाई पनि असर गरेको छ ।

विभागको एउटा मानवीय संस्थालाई पनि लुटिएकाले आगामी दिनमा यसको सञ्चालनमा ठुलो असर पार्ने कार्यालयले जनाएको छ । जनवरीको मध्यसम्ममा पोर्ट-ओ-प्रिन्स र अन्य शहरी क्षेत्रसहित राष्ट्रव्यापी रूपमा एक हजारभन्दा बढी विद्यालयहरू विरोध कार्यक्रम र प्रदर्शनका कारण अस्थायी रूपमा बन्द गरिएको थियो ।ओसिएचएले देशमा हिंसाले खाद्यान्नको मूल्य लगभग २५ प्रतिशतले बढेको बताएको छ ।

# इजरायलद्वारा गाजाका लागि आएको सहायता आपूर्ति अस्वीकार

सिन्ह्वा

गजा । उत्तरी गाजा पट्टीका लागि प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य निकाय (यूएनआरडब्ल्यूए) ले शुक्रबार पेस गरेको आधा सहायता अनुरोधलाई इजरायलले अस्वीकार गरेको छ ।यूएनआरडब्ल्यूए प्रमुख फिलिप लजारिनीले यस वर्षको सुरुदेखि नै उत्तरमा पेस गरेका आधा सहायता अनुरोधहरू अस्वीकृत भएको बताउनुभएको हो ।संयुक्त राष्ट्रसङ्घले उत्तरी गाजा पट्टीमा अनिकाल र भोकमरी यस क्षेत्रको पहिचान बनेको जनाएको छ ।

लजारिनीले उत्तरमा करिब तीन लाख मानिसहरू बाँच्नका लागि एजेन्सीको सहायतामा निर्भर रहेको उल्लेख गर्दै जीवन बचाउने मानवीय सहायताको पहुँच अवरुद्ध भइरहेको उल्लेख गर्नुभयो । गाजास्थित सरकारी सञ्चारमाध्यमका अनुसार इजरायलले निरन्तर घेराबन्दी र खाना, पानी र पोषणलाई प्रवेश गर्नबाट रोकेको कारण पिठो चामललगायतका सामानहरू सकिइसकेका छन् ।

गाजा क्षेत्रका बासिन्दाहरूले आफ्नो लागि आएको खाद्यान्न सहायता रोकिँदा यसको सट्टा पशुखाद्य र अन्न पिस्न बाध्य भएको र अहिले चलिरहेको आक्रमणको बीचमा वास्तविक अनिकालको सामना गरिरहेको विज्ञप्तिमार्फत कार्यालयले जनाएको छ । गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीहरूको सङ्ख्या २७ हजार नौ सय ४७ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ ।

# श्रीलङ्कामा जनवरीमा विप्रेषण ११.४ प्रतिशतले वृद्धि

सिन्ह्वा

कोलोम्बो । श्रीलङ्कामा सन् २०२४ को जनवरीमा सन् २०२३ को जनवरीको तुलनामा ११.४ प्रतिशतले बढी विप्रेषण आएको श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायककाराले शनिबार बताउनुभएको छ ।

सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै नानायककाराले जनवरी २०२४ मा ४८ करोड ७६ लाख अमेरिकी डलर विप्रेषण आएको छ सन् २०२३ को जनवरीमा ४३ करोड ७५ लाख डलर रेमिटेन्स आएको बताएका छन् ।

केन्द्रीय बैंकको तथ्याङ्कअनुसार सन् २०२३ मा पाँच अर्ब ९६ करोड अमेरिकी डलर विप्रेषण भित्रिएको थियो । यसैबीच सन् २०२३ को जनवरीको तुलनामा सन् २०२४ को जनवरीमा पर्यटनबाट हुने आम्दानी १२२.७ प्रतिशतले वृद्धि भएको केन्द्रीय बैंकले जनाएको छ ।

पर्यटन र कामदारबाट प्राप्त हुने विप्रेषण श्रीलङ्काको सबैभन्दा बढी वैदेशिक आय आर्जन गर्ने स्रोतमध्ये प्रमुख स्रोत हो ।

# आतङ्कवादी समूहसँग सम्बन्ध रहेको आरोपमा ट्युनिसियामा १९ जना पक्राउ

सिन्हवा

टुयुनिस । ट्युनिसियाले चरमपन्थी धार्मिक सेलसँग सम्बन्ध रहेको आरोपमा १९ जनालाई पक्राउ गरेको ट्युनिसियन नेसनल गार्डले शुक्रबार बताएको छ।

नेशनल गार्डको फेसबुक पेजमा पोस्ट गरिएको विज्ञप्तिमा भनिएको छ - सुरक्षा र न्यायिक निकायले खोजी गरेका १९ जनालाई आतङ्कवादी समूहमा संलग्न भएको आरोपमा पक्राउ गरिएको छ । रती पक्राउ परेकालाई १ देखि १० वर्षसम्मको जेल सजाय सुनाइएको छ।

ट्युनिसियाले सन् २०११ देखि बढ्दो आतङ्कवादी गतिविधिहरूको सामना गर्दै आएको छ । आतङ्कवादी गतिविधिमा थुप्रै सुरक्षा र सैन्य कर्मचारीहरूका साथै नागरिक र विदेशी पर्यटकहरू पनि मारिएका छन्।

# नेपाल र स्विट्जरल्याण्डबीच हवाई सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल र युरोपेली मुलुक स्विट्जरल्यान्डबीच हवाई सेवा सम्झौता भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार हालै नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच हवाई सेवा सम्झौता भएको हो ।

मन्त्रालयको नागरिक उड्डयन महाशाखाका प्रमुख बुद्धिसागर लामिछानले दुवै मुलुकबीच सातामा २८ उडान हुनेगरी हवाई सेवा सम्झौता भएको बताए। उनकाअनुसारतीउडानमध्ये काठमाडौँस्थित त्रिभुवन अन्तर र्ष्ट्रिय विमानस्थलमा बढीमा १४ वटा र बाँकी गौतमबुद्ध अन्तर्राष्ट्रिय




विमानस्थल र पोखरा अन्तर र्ष्ट्रिय विमानस्थलमा उडान गर्नुपर्नेछ ।

द्विपक्षीय हवाई सम्झौतामा दुवै देशका एयरलाइन्सलाई उडान गर्न तोकिएको छ । "अहिलेलाई दुई-दुई वटा एयरलाइन्स तोकिएका छन्, आवश्यकताअनुसार थप्न सकिने प्रावधान छ। तेस्रो मुलुकमा उडान गर्नसक्ने 'थर्डकन्ट्री कोड सेयर' को प्रावधान पनि सम्झौतामा उल्लेख गरिएको छ", सहसचिव लामिछानेले भने ।

नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता गरेका मुलुकको सङ्ख्या ४२ पुगेको छ । यसअघि गत मङ्सिर १९ गते नेपाल सरकार र रुवाण्डा सरकारबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो। अन्य केही मुलुकसँग यस्ता द्विपक्षीय हवाई सेवा सम्झौताका लागि प्रक्रिया अघि बढिरहेको मन्त्रालयले जनाएको छ।

इण्डोनेसियासँग हवाई सम्झौताको तयारी

सरकारले मध्यपूर्वी एसियाली मुलुक इन्डोनेसियासँग पनि द्विपक्षीय हवाई सेवा सम्झौताको तयारी गरेको छ। उक्त मुलुकसँग पनि हवाई सम्झौताका लागि समन्वय भइरहेको मन्त्रालयका सहसचिव लामिछानेले जानकारी दिनुभयो । त्यसैगरी रुसलगायत मुलुकसँग पनि हवाई सेवा सम्झौताका लागि छलफल भइरहेको मन्त्रालयले उल्लेख गरेको छ।

# गाईघाटमा मेडिकल कलेज सञ्चालन गरिने


**टुडे समाचारदाता**

गाईघाट । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले त्रियुगा नगरपालिकाको गाईघाटमा मेडिकल कलेज सञ्चालनका लागि अनुमति प्रदान गर्न सरकार तयार रहेको बताएका छन् ।

शनिबार बिहान नगरपालिकाको कार्यक्रम हलमा आयोजित कार्यक्रममा मन्त्री राईले वर्तमान सरकारले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रको विकासमा जोड दिइरहेको भन्दै गाईघाटमा मेडिकल कलेज सञ्चालनका लागि सङ्घीय सरकार प्रतिबद्ध रहेको बताए । जिल्लामा मेडिकल कलेज सञ्चालनका लागि स्थानीयले पटकपटक सरकारसँग माग गर्दै आएका छन् ।

मन्त्री राईले भने, "लामो समयदेखि उदयपुरमा एउटा मेडिकल कलेज सञ्चालन गर्ने विषयमा यसअघिका सरकारलाई पनि यहाँका सरोकारवाला निकाय तथा नागरिकले माग ज्ञापन बुझाउनुभएको थियो । यस विषयमा वर्तमान सरकारले अनुमति प्रदान गर्नेछ ।" स्थानिय सरकारले उचित स्थानमा कलेज सञ्चालनका लागि जग्गा उपलब्ध गराए सरकार स्वीकृति प्रदान गर्न तयार रहेको उनको भनाइ थियो ।

वर्तमान सरकार शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास लगायत क्षेत्रको विकासमा जोड दिइरहेको मन्त्री राईले बताए । "यहाँका मेडिकल अध्ययन गर्न चाहने विद्यार्थीका लागि एउटा मेडिकल कलेज आवश्यक छ । यसमा शिक्षा मन्त्रालयको तर्फबाट कलेज स्थापना गर्न



सरकारले सहयोग गर्नेछ", उनले भने ।

देशभरि छ वटा मेडिकल कलेज सञ्चालनका लागि सरकारले स्वीकृति प्रदान गर्ने तयारी गरिरहेको भन्दै मन्त्री राईले स्थानीय सरकारले उचित स्थानमा जग्गा उपलब्ध गराएपछिसरकारलेस्वीकृतिप्रदान गर्नेप्रतिबद्धता व्यक्त गरे ।कार्यक्रममा नगरपालिकाका प्रमुख वसन्त कुमार बस्नेतले यस क्षेत्रमा कम्तिमा एउटा मेडिकल कलेज आवश्यक रहेकाले सोहीअनुसार जग्गा उपलब्ध गराउने तयारी भइरहेको जानकारी दिए। एक महिनाभित्र जग्गा निर्धारण गरी कलेज स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी गरिने उनले प्रतिबद्धता जनाए।

सगरमाथा क्षेत्रअन्तर्गतका खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर तथा भोजपुर आसपासका विद्यार्थीका लागि कम्तिमा एउटा मेडिकल कलेज आवश्यक रहेकाले सोहीअनुसार आवश्यक कागजात र प्राविधिक प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा सहयोगको पहल गरिने नगरप्रमुख बस्नेतले बताए । त्रियुगामा मेडिकल कलेज सञ्चालन भए सगरमाथा क्षेत्रका विद्यार्थीको लाभान्वित हुने नगरपालिकाकी उपप्रमुख महेश्वरी राईले बताए । यहाँका विद्यार्थी मेडिकल अध्ययनका लागि करोडौँ खर्च गरेर अन्यत्र जानुपर्ने बाध्यता हट्ने उनको भनाइ थियो ।आगामी चैत्रभित्र नगरपालिकाले जग्गा उपलब्ध गराएर डिपीआर तयार गरेमा आउँदो आर्थिक वर्षमा कलेजका लागि भवन निर्माण गरिने योजना रहेको नगरप्रमुख बस्नेतले जानकारी दिए।

## महेन्द्रनगर बसपार्कको निर्माण कार्य सुरु

**टुडे समाचारदाता**

दमक । झापाको गौरीगञ्ज गाउँपालिका-६ खजुरगाछीमा रहेको महेन्द्रनगर बसपार्कका लागि जग्गा व्यवस्थापन भएको करिब छ दशकपछि बल्ल बसपार्कको निर्माण प्रक्रिया सुरु भएको छ।

बजारको दक्षिणतर्फ करिब १५ कठ्ठा जग्गामा बसपार्क बनाउन सघन सहरी तथा भवन निर्माण आयोजनाबाट 'टेण्डर'मार्फत रु ४२ लाख ७० हजार दुई सय ५६ बजेट विनियोजन भएपछि बसपार्क निर्माण प्रक्रिया अघि बढेको गाउँपालिकाले जनाएको छ। करिब रु आठ करोडको लागतमा निर्माण हुने बसपार्कको डिपीआरअनुसार पहिलो चरणमा बसपार्कको काउन्टरको भवनको गाउँपालिकाका अध्यक्ष फूलवती राजवंशीले शिलान्यास गरे।

जिल्लाकै पुरानो बजार मानिने गौरीगञ्ज बजारमा वर्षौंदेखि आधुनिक बसपार्कको आवश्यकता पूरा हुन सकेको थिएन। स्थानीय स्रोतसाधन र प्रदेश तथा केन्द्रको बजेटबाट प्रारम्भिक कार्यमा डिपीआर बनेको थियो। विसं २०१८ तिर तत्कालीन राजा महेन्द्र यहाँ भ्रमणका लागि आएका बेला राजाको स्वागतका लागि मञ्च बनाएको जमिनलाई महेन्द्र मञ्चका रुपमा चिनिँदै आएको र सोही स्थानमा बसपार्क निर्माण सुरु गरिएको अध्यक्ष राजवंशीले बताए।

# बाख्रापालक किसान पेसा प्रवर्द्धन गर्न एकताबद्ध

**टुडे समाचारदाता**

डुम्रे । तनहुँमा व्यावसायिकरुपमा बाख्रापालन गर्दै आएका किसान एकत्रित भएका छन् । माछामासुमा आत्मनिर्भर तनहुँका किसान अन्य जिल्लाबाट खसीबोका ल्याउने कार्यलाई निरुत्साहन गर्न एकजुट भएका हुन् ।

नेपाल बाख्रापालक महासङ्घका केन्द्रीय सल्लाहकार मानबहादुर भण्डारीले व्यावसायिक बाख्रापालक किसानलाई एकत्रित बनाउन आवश्यक रहेको बताए । उनले तनहुँ मासुमा आत्मनिर्भर भएको अवस्थामा पनि यहाँका खसीबोका अन्य जिल्लामा बेच्नुपर्ने भए पनि त्यसो हुन नसकेको गुनासो गरे । उनले भने, "जिल्लामा बाह्य खसीबोका आयात गर्नुपर्ने अवस्था छैन तर यहाँका किसानका खसीबोका बिक्री वितरणमा समस्या भएको छ, यसको न्यूनीकरणका लागि व्यावसायिक बाख्रापालक किसान एकत्रित हुनुपर्छ, यसका लागि हामी लागिपरेका छौँ ।"

भण्डारीले आयातित खसीबोका बिक्री वितरणलाई निरुत्साहित गरी यहीँका उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताए । आयातित खसीबोका यहाँका बजार तथा होटलमा बिक्री हुने हुँदा यहाँका खसीबोका बिक्री वितरणका लागि बजारीकरण र भण्डारणको समस्या सृजना भएको उहाँले बताए । भण्डारीले भने, "व्यावसायिक बाख्रापालक किसान एक भएर अब आयातित खसीबोका बिक्री वितरणमा कडाइ गर्न अनुगमन तथा नियन्त्रणमा सक्रिय भूमिका खेल्नेछौँ, आवश्यक सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी अगाडि बढ्ने तयारी गरिरहेका छौँ ।" यहाँ स्थानीय उत्पादन प्रयोग गर्ने वातावरण बनाएर वास्तविक किसानका खसीबोका बिक्री वितरण गर्ने लक्ष्य लिएको उनले बताए।

सरकारबाट प्राप्त हुने अनुदान प्राप्त गर्न महासङ्घबाट प्रक्रियागत रुपमा अगाडि बढ्ने गरी नीतिनिर्माण गर्न केन्द्रीय समिति लागिपरेको समेत उनले जानकारी दिए । नेपाल बाख्रापालक महासङ्घ



तनहुँका अध्यक्ष चिनबहादुर भण्डारीले बाह्य खसीबोका आयातलाई निरुत्साहित गर्दै यहीँको उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताए । उनले भने, "बाख्रापालनसँगै मासु व्यवसायलाई अगाडि बढाउन चाहने किसानलाई महासङ्घले सहयोग गर्छ, बाहिरबाट आयात हुने मासुलाई निरुत्साहित गर्दै जिल्लाबासीलाई जैविक मासु खाने वातावरण तयार गर्नेछौँ ।" जिल्लाबासीलाई प्राङ्गारिक रुपमा उत्पादित खसीबोकाको मासु उपभोग गर्न पाउने बनाउन प्रक्रियामा अगाडि बढेको उनले बताए।

उनले भने, "आयातित खसीबोका बिक्री वितरणमा कडाइ गर्नेछौँ, यसले वास्तविक किसान मर्कामा पर्नुपर्ने अवस्था रहँदैन, यहीँको बजारमा हाम्रा खसीबोका खपत हुनेछन्, समन्वय गर्नुपर्ने सङ्घसंस्थाबाट अनुमति लिएर नै सजगताका साथ काम अगाडि बढाउने र जिल्लाबासीलाई जैविक मासु उपभोग गर्ने बनाउनेछौँ, यहीँको खसीबोका बिक्री भएमा आर्थिक मन्दी घटाउनसमेत टेवा पुग्नेछ ।"

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले व्यावसायिक बाख्रापालक किसानलाई अन्य व्यवसायसँग तुलना गर्न नमिल्ने बताए । उनले भने, "बाख्रापालक किसानले आफ्ना हकहित र व्यावसायिक समस्या समाधानमा समन्वय र सहयोगमा एक भएर काम गर्दा किसानमा उत्साह थपिएको छ, यसले वास्तविक किसानले सहयोग पाउनेछ ।" उनले व्यावसायिक रुपमा खसीबोका उत्पादन गर्दा निस्कने प्राङ्गारिक मलको उपयोग हुने गरी कृषिलाई सहयोगी व्यवसाय बनाउन सुझाव दिए। नगर प्रमुख न्यौपानेले भने, "माछामासु आयात गर्नुपर्ने अवस्था छैन, तर खाद्यान्नका साथै गोलभैँडा, काउली, आलुलगायतका तरकारी तथा फलफूल बाहिरबाट आयात गर्न बाध्य छौँ, माछामासुसँगै यी वस्तु पनि यहीँ उत्पादन गर्नतर्फ किसान लाग्नुपर्छ ।"

उनले सहकारीमार्फत खसीबोका बिक्री वितरणमा अनुदानको व्यवस्था भएको जानकारी गराउँदै सहकारीमार्फत खसीबोका बिक्री वितरण गर्न सुझाव दिए। सहकारीमार्फत खसीबोका बिक्री वितरण गर्दा नगरपालिकाले प्रतिकिलो रु १० अनुदानस्वरुप प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको बताए । उनले खसीबोका बिक्री गर्न सहकारीमा आबद्ध हुन आग्रह समेत उनको छ।

बाख्रापालक किसानलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्र्ने कार्यमा नगरपालिकाको सदैव साथ रहेको उनले बताए। रासायनिक मलको उपभोगमा न्यूनीकरण गर्दै बाख्राको बडकौलालाई प्रविधिकरण गरी खेर जाँदै गरेका मलबाट उपभोग्य बनाउन आवश्यक रहेकाले बाख्रापालक सङ्घसँग समन्वय गरी यसको विकासमा सहयोग गर्ने बताए । विपत्मा परेर बाख्रा वा पशु मरे नगरपालिकाले राहत उपलब्ध गराउँदै आएको र यस्ता कार्यसम्बन्धी किसान जानकार हुनुपर्नेमा उनको जोड थियो ।

व्यास-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खलेले सामुदायिक वनलाई बाख्रापालक किसानले चरन क्षेत्रका रुपमा उपभोग गर्ने वातावरण बनाउन आवश्यक रहेको बताउनुभयो । उनले भने, "बाख्रापालक किसानले सामुदायिक वनसँग समन्वय गरी चरन क्षेत्र बनाउनुपर्छ, ठूला रूखको व्यवस्थापन गर्दै बुट्यानलाई पशुपालकले उपयोग गर्ने गरी समन्वय गर्नुपर्छ, यसले सहज बनाउनेछ ।"व्यावसायिक बाख्रापालक किसान एकत्रित बन्दै नगरस्तरीय समिति गठनमा लागेका छन् । समितिमार्फत निर्णय गरी प्रक्रिया अगाडि बढेमा वास्तविक बाख्रापालक किसानले सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य आवश्यक सहयोगमा सहजता कायम हुने अपेक्षा गरिएको छ । अनुदानभन्दा पनि बैङ्क ऋणको ब्याजदर कम भए किसानलाई सहज हने उनीहरुको भनाइ छ।

नेपाल बाख्रापालक सङ्घ व्यास नगर समिति गठन गरिएको छ । नेपाल बाख्रापालक महासङ्घ तनहुँका अध्यक्ष भण्डारीको अध्यक्षतामा शुक्रबार दमौलीमा बसेको बैठकले नगर समिति गठन गरेको हो । व्यास नगर समितिको अध्यक्षमा व्यास-११ का उदयनाथ अधिकारी सर्वसम्मत चयन भएका छन् । समितिको उपाध्यक्षमा व्यास-९ का सरस्वती कुमाल, सचिवमा व्यास-१० का विष्णुहरि न्यौपाने र कोषाध्यक्षमा व्यास-११ का शोभा बोहरा चयन भएका छन् ।

त्यस्तै सदस्यमा व्यास-५ का दिलबहादुर थापा, व्यास-१३ का रामहरि सेढाई, व्यास-१२ का जसबहादुर भुजेल, व्यास-७ का होमबहादुर गुरुङ र व्यास-८ का प्रदीप ओझा चयन भएका छन् । जिल्लाका १० वटै पालिकामा समिति गठन गरी सशक्त बनाउने सङ्घको लक्ष्य छ।

# 'आगामी बजेट पूर्वाधार निर्माण र रोजगारीमा केन्द्रित हुन्छ'



**टुडे समाचारदाता**

त्रिशूली । अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेट पूर्वाधार निर्माण, सीपयुक्त शिक्षा र रोजगारी सिर्जनामा केन्द्रित हुने बताएका छन् ।

नुवाकोटको तारकेश्वर गाउँपालिका-१ मा शनिबार तारकेश्वर तामाङ समाजले आयोजना गरेको 'ल्होछार बृहत् सांस्कृतिक कार्यक्रम'लाई सम्बोधन गर्दै जनताको आम्दानीको स्रोत वृद्धि हुने गरी रोजगारी सिर्जना गर्न आगामी आवको नीति तथा कार्यक्रम र बजेट केन्द्रित गरिने बताए ।

"विगतमा राजनीतिक अन्योलताका कारण लामो समय विकासले गति लिन सकेन", अर्थमन्त्री महतले भने, "अबको लक्ष्य स्रोत र साधनले भ्याएसम्म पूर्वाधारका संरचनाको निर्माण र प्राविधिक एवं सीपयुक्त शिक्षामार्फत रोजगारी सिर्जना गरेर अर्थतन्त्र बलियो बनाउने हुनेछ ।"

उनले मुलुकमा अब राजनीतिक स्थिरता आएकाले विकासले गति लिनेमा विश्वास व्यक्त गर्नुभयो। "चीनको केरुङनाकालाई जोड्न निर्माण भइरहेको गल्छी-रसुवागढी सडक निर्माण पूरा गर्न र टोखा-छहरे सुरुङमार्गको काम अघि बढाउन केन्द्रीय सरकारकाले प्राथमिकता दिएको छ", उनले भने। उनले प्राविधिक शिक्षामार्फत रोजगारी बढाउनुपर्नेमा जोड दिए।

मानव सभ्यतामा धर्म, संस्कृति र भेषभूषा अमूल्य सम्पत्ति भएकाले आ-आफ्नो जाति र समुदायअनुसारको संरक्षणमा आफैँ जुट्न उनले आग्रह गरे । अर्थतन्त्र बलियो बनाउनसके जनता र राज्य दुवै बलियो हुने भन्दै उनले बलियो नेतृत्वले आफ्नो संस्कृति, परम्परा र राष्ट्रियता जोगाउन आफैँ सक्षम हुने उल्लेख गरे।


# बेंसीसहर-चामे सडक सात किलोमिटर कालोपत्र

**टुडे समाचारदाता**

लमजुङ । बेंसीसहर-चामे सडक सात किलोमिटर कालोपत्र गरिएको छ । लमजुङ-मनाङ जोड्ने एकमात्र सडकअन्तर्गत बेंसीसहरदेखि खुदीसम्मको सात दशमलव आठ किलोमिटर सडक कालोपत्र भएको हो।

डुम्रे बेंसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर किरण पोखरेलले सात दशमलव आठ किलोमिटर सडक कालोपत्र भइसकेको जनाउँदै अब सात सय मिटर बाँकी रहेको बताए। उनका अनुसार उक्त सडकको हालसम्म ८५ प्रतिशत काम सम्पन्न भइसकेको छ।

योजना कार्यालयका अनुसार उक्त सडक स्तरोन्नति तथा कालोपत्र गर्न हालसम्म रु १९ करोड खर्च भइसकेको छ । ट्र्याक



खोलेको २९ वर्षपछि अमेरिकन प्रविधिको अस्फाल्ट कालोपत्र राख्ने काम भइरहेको इञ्जिनियर पोखरेलले बताए । उनका अनुसार सडकको पर्खाल उठाउने, कल्भर्ट बनाउने, चौडा तथा कटिङ गर्ने, नाली बनाउनेलगायत काम सम्पन्न भएको छ। सडक पाँच दशमलव पाँच मिटरको सवारी गुड्ने, एक दशमलव एक मिटरको नाली र सर्वसाधारण हिँड्ने बाटो एक मिटर चौडाइको रहेको पोखरेलले जानकारी दिए । उनका अनुसार बस्ती भएका ठाउँमा दुईतर्फी र बस्ती नभएका ठाउँमा एकतर्फी नाली निर्माण गरिएको छ।

अन्तिम चरणको काम कालोपत्र सम्पन्न भएसँगै रोड मार्किङ गर्ने, रोड फर्निचर (पेन्टिङ) गर्ने, क्र्यास बेरियर राख्ने, किलोमिटर पोस्ट राख्ने, रोड पेन्टिङलगायत काम हुने इञ्जिनियर पोखरेलले बताए । विसं २०८० असार मसान्तसम्म कालोपत्र गर्नेगरी विसं २०७८ असार मसान्तमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताअनुसार निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि विसं २०८१ असार ३० गतेसम्म म्याद थप गरिएको छ। सडक योजना कार्यालयका अनुसार कूल रु ५२ करोड ९६ लाखको लागत अनुमान गरिएकामा रु २५ करोड ३२ लाखमा कालोपत्रको सम्झौता भएको छ।

विसं २०७८ असारमा सम्झौता गरे पनि वर्षाका कारण २०७८ असोजदेखि मात्र काम सुरु भएको निर्माण कम्पनीले जनाएको छ। कालोपत्र नहुँदा आक्रोशित बनेको यहाँका स्थानीय कालोपत्र सम्पन्न हुन लाग्दा उत्साहित भएका छन् । मनाङ जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरुप विसं २०५१ देखि सडक डिभिजन कार्यालय तनहुँले निर्माण सुरु गरेको थियो ।

विविध कारण निर्माण रोकएपछि विसं २०५७ देखि तत्कालीन नेपाली सेनाले सडक निर्माणको जिम्मा पाएको थियो । पैसठ्ठी किमी रहेको यस खण्डअन्तर्गत लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किमी पर्दछ।


## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/१०/२८**

मधेश प्रदेश सर्लाही जिल्ला ईश्वरपुर नगरपालिका वडा नं. ७ मा निर्माण तथा संचालन हुने ओम श्री शान्ती फुड प्रोडक्ट एण्ड सप्लायर्स प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम : | ओम श्री शान्ती फुड प्रोडक्ट एण्ड सप्लायर्स प्रा.लि.को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| प्रस्तावकको नाम र ठेगाना : | ओम श्री शान्ती फुड प्रोडक्ट एण्ड सप्लायर्स प्रा.लि., ईश्वरपुर नगरपालिका, वडा नं. ७, सर्लाही |
| प्रस्तावकको व्यहोरा : | चामल, चिउरा र भुजा उत्पादन गर्ने। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. : | सर्लाही जिल्ला ईश्वरपुर नगरपालिका वडा नं. ७ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| जिल्ला स्थित सम्बन्धित उद्योग कार्यालयको नाम र ठेगाना | घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाही<br>सम्पर्क नं. ०४६-५२०१८३<br>इमेल : dcsisarlahi@gmail.com |
| सम्बन्धित वडाको नाम र ठेगाना : | ईश्वरपुर नगरपालिका, ७ नं. वडाको कार्यालय, सर्लाही |
| प्रस्तावकको नाम र ठेगाना : | ओम श्री शान्ती फुड प्रोडक्ट एण्ड सप्लायर्स प्रा.लि., ईश्वरपुर नगरपालिका वडा नं. ७, सर्लाही<br>सम्पर्क व्यक्ति : मनोज कुमार साह<br>सम्पर्क नं. ९८५४०२०६८७ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>इमेल : shambhuprasadchaurasia@gmail.com |

### फेरि जसपामै फर्किए प्रदेश सांसद सिंह

# कांग्रेस र कम्युनिष्ट सत्ता परिवर्तनको खेलमा केन्द्रित: अध्यक्ष यादव



**टुडे समाचारदाता**

राजविराज । सत्तारुढ जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले विगत ३४ वर्षदेखि कांग्रेस र कम्युनिष्ट नेतृत्व सत्ता परिवर्तनको खेलमा मात्र केन्द्रित भएको आरोप लगाएका छन् ।

नेपालमा ३४ वर्षदेखि कांग्रेस र कम्युनिष्टले सत्ता र सरकार परिवर्तन मात्र गरेको र अहिले संघीयता र लोकतन्त्र समाप्त गर्न पनि उनीहरु नै उद्यत रहेको उनले बताए ।

बोदेबरसाइनमा शनिबार जसपाले गरेको पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष यादवले कांग्रेस र कम्युनिष्ट नेतृत्वको सरकार मधेशलाई कमजोर बनाइ संघीयता र लोकतन्त्र समाप्त गर्दै एकात्मक ब्यवस्था लादन प्रयासरत रहेको बताए ।

५३ प्रतिशत जनसंख्या रहेको मधेशको विकास १३ प्रतिशत बजेटले सम्भव नरहेको बताउँदै उनले प्रश्न गर्दै भने, 'मुलुकको राजस्वमा ७० प्रतिशत आम्दानी मधेशबाट हुन्छ । तर बजेट भने मधेशलाई १३ प्रतिशत मात्रै दिने गरिएको छ । यो कसरी न्यायपूर्ण भयो ?'

पछिल्लो ३४ वर्ष देखि कांग्रेस कम्युनिष्टले देशको शिक्षा, उद्योग र कृषि क्षेत्रलाई बर्बाद बनाइ जनशक्तिलाई विदेशिन बाध्य बनाएको उनको भनाइ छ ।

कार्यक्रममा सप्तरीको प्रदेश सभा क्षेत्र नम्बर ४(२) बाट स्वतन्त्र प्रदेश सभा सदस्य अनिरुद्ध प्रसाद सिंह जसपा नेपालमा प्रवेश गरेका छन् । कार्यक्रममा जसपाका अध्यक्ष यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलगायतले प्रदेश सभा सदस्य सिंहलाई अबिर माला लगाई जसपामा स्वागत गरेका थिए ।

विगतमा जसपामै रहेका प्रदेश सभा सदस्य सिंहलाई गत निर्वाचनमा पार्टीले टिकट नदिएपछि उनी स्वतन्त्र भइ उम्मेदवारी दिएर निर्वाचित भएका थिए ।

सप्तरी जनता समाजवादी पार्टी (जसपा)को गढको रुपमा रहे पनि केही समय यता आएर जनमत पार्टी हावी हुन थालेका थिए तर, सिंहको पुनः आगमन पछि पार्टी बलियो हुने जसपा नेताहरुको भनाइ छ ।

## संघीय सरकारले प्रदेश सरकारलाई अन्धकारमा राख्न खोज्यो : मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले संघीयता संकटमा रहेको बताएका छन् । मुलुकमा संघीयता आए पनि पूर्ण कार्यान्वयन हुन नसकेको बताउँदै उनले संघीयता समाप्त गर्न केही तत्वहरु लागिरहेको आरोप लगाए ।

जनता समाजवादी पार्टीद्वारा शनिबार सप्तरीको बोदेबर्साइनमा आयोजित पार्टी प्रवेश कार्यक्रममा मुख्यमन्त्री यादवले स्थानीय तहमा भएको अधिकार जति पनि प्रदेश सरकारलाई नरहेको गुनासो गरे । संघीय सरकारले प्रदेश सरकारलाई अन्धकारमा राख्न खोजेको उनको आरोप छ ।

प्रदेशका मुख्यमन्त्रीहरु सँगको बैठकमा प्रधानमन्त्रीले छलफल नै नगरी केही विषय निर्णयका लागि राख्दा आफूहरुले अस्वीकार गरेको उनले बताए ।

संघीयताको पूर्ण कार्यान्वयन र प्रदेश सरकारलाई अधिकार दिने विषय पटक-पटक संघीय सरकारलाई ध्यानाकर्षण गराए पनि ध्यान नदिएको मुख्यमन्त्री यादवको आरोप थियो ।

२/३ वर्षमै सप्तरीमा मधेश कृषि विश्वविद्यालयको निर्माण सम्पन्न हुने दाबी गर्दै उनले जनमत पार्टीलाई विकास विरोधीको संज्ञा दिए । विकासको कार्यमा अवरोध गरेर जनमत पार्टी विकास विरोधीको रूपमा उदांगिएको उनले बताए ।

# लोसपा दलको नेता शर्मा नै रहने, उपनेता कामचलाउ

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेश सरकारमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)संसदीय दलका नेतामा अभिराम शर्मा नै रहने भएका छन् ।

अदालतबाट उनी दोषी ठहरिएर जेल सजाय पाएपछि प्रहरीको पहुँच भन्दा बाहिर रहे पनि पार्टीका लागि निर्दोष नै रहेकाले पदमुक्त नहुने दलका उपनेता उपेन्द्र महतोले जनाएका छन् ।

शर्माले प्रदेश सभाबाट पाउने सेवा, सुविधाहरु रोक्का गरिएको छ । उनी प्रदेश सभामा जान छाडिसकेका छन् । मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका सई थमन बिकको हत्यामा दोषी ठहरेका शर्मालाई प्रहरीले खोजी सूचीमा राखेका छन् ।

लोसपा मधेश प्रदेशका अध्यक्ष समेत रहेका प्रदेश सभासद जितेन्द्र सोनल समूहले दलको नेताचयन गर्नुपर्ने बताउदै आएका छन् । संसदीय गतिविधिलाई प्रभावकारी रुपमा अगाडि बढाउन दलको नेता आवश्यक रहेको बताउँदै प्रदेश समितिका सचिव रामविनोद चौधरीले नेताको चयन चाँडै हुने बताए ।

तर दलका उपनेता महतोले शर्मालाई पदमुक्त नगरिने बताउँदै दलको विधान अनुसार उपनेताले नेताको भूमिका निर्वाह गर्ने बताए । 'पार्टीको दृष्टिमा शर्मा इमान्दार र लोकप्रिय जनप्रतिनिधि छन्' उनले भने, नेताबाट हटाएर पार्टीले पनि उनलाई दोषी ठहर गर्न सक्दैन् । नेताको अनुपस्थितिमा उपनेताले कामकाज गर्ने व्यवस्था विधानमा रहेकाले सोही अनुरुप काम अगाडि बढेको महतोले बताए ।

राष्ट्रिय दलको हैसियत गुमाइसकेको लोसपामा दलको व्हिप सभासदहरुलाई लाग्दैन् । ओरालो लागिसकेको अवस्थामा लोसपाका सभासदहरुले आगामी दिनमा भविष्य सुरक्षित गर्न दल परिवर्तन समेत गर्ने संभावना रहेको बताइन्छ ।

# ट्रायलमा आफ्नै सवारी साधन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले सवारी साधनको लाइसेन्सका लागि हुने ट्रायलमा परीक्षार्थीले आफ्नै सवारी साधन चलाउन सक्ने निर्णय गरेको छ ।

यस अघि ट्रायल परीक्षा हुने स्थलमा सम्बन्धित ट्रायल सेन्टरकै सवारी साधन प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्था थियो ।

ट्रायल सेन्टरको सवारी साधन प्रयोग गर्दा परीक्षार्थीले त्यसवापत अतिरिक्त रकम दिनुपर्दथ्यो । ट्रायल सेन्टरको सवारी साधन ट्रायलकै बखत चलाउँदा जानकारी भए पनि अप्ठ्यारो हुने गरेको गुनासा आउन थालेपछि मधेश प्रदेश सरकारले सम्बन्धित परीक्षार्थीले आफ्नै सवारी साधन लिएर ट्रायल दिने निर्णय गरेको छ ।

जनमत पार्टी सरकारबाट बाहिरिएपछि श्रम तथा यातायात मन्त्रालय मुख्यमन्त्री सरोज कुमार यादवको मातहतमा रहेको छ । मुख्यमन्त्री यादवले ट्रायलका लागि एकप्रकारको सवारी साधन सेन्डिकेटलाई भत्काएका छन् । परीक्षार्थीले आफ्नै सवारी साधनले ट्रायल परीक्षा दिने भएपछि सहज र सस्तो भएको छ ।

सवारी साधनको अनुमति पत्र बनाउन मोटो रकमको लेनदेन हुने गरेको आरोप लामो समयदेखि लाग्दै आएको छ । केही समय पूर्व रौतहट जिल्लाको यातायात व्यवस्था कार्यालयमा राति परेपछि लिखित र मौखिक परीक्षा लिने गरिन्थ्यो । अध्यारोमा परीक्षा लिँदा भारी अनियमितता हुने गरेको थियो ।

मधेश प्रदेशको आठवटै जिल्लामा यातायात व्यवस्था कार्यालय स्थापना भएको छ । यसले लाइसेन्स बनाउन सर्वसधारणलाई सहज भए पनि आर्थिक लेनदेन अत्यधिक बढेको बताइन्छ । यातायात कार्यालय स्थापना भएको नयाँ स्थानहरुमा कार्यालय प्रमुख बन्न विगतमा मन्त्रीहरुलाई मोटो रकम बुझाउनु पर्ने अवस्था थियो ।

रकमको लेनदेन गरी सवारी चलाउनै नजान्ने व्यक्तिहरुलाई समेत लाइसेन्स बेच्ने क्रम जारी रहेको बेला मुख्यमन्त्री यादवले ट्रायललाई सहज बनाएर सवारी हाँक्न सक्नेलाई मात्र लाइसेन्स दिने प्रकृयालाई व्यवस्थित गर्न थालेका छन् ।

# निःशुल्क स्वास्थ्य शिविर सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । जनकपुर निरोग्य क्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि.द्वारा आयोजना गरिएको शिविरमा करिब पाँच सय भन्दा बढी विभिन्न रोगका बिरामीहरुले जाँच गराइ लाभ उठाएका जनकपुर निरोग्य क्लिनिका सञ्चालक तथा ब्यवस्थापक ललित कुमार झाले बताए ।

स्थानीय रुपैठा निवासि सञ्चालक झाले शिविरको प्रमुख उद्देश्य असहाय तथा अशक्त जनताहरुका लागि स्थास्थ्य सेवा प्रदान गर्नु रहेको बताए । उनले वरिष्ठ फिजिसियन डा. अप्पु झा अविनाशको जन्म स्थल रुपैठा गाउँ भएकाले उनकै सहकार्यमा अनुभवि चिकित्सकहरुद्वारा उपचार गरिएका बताए ।

सो अवसरमा वडाध्यक्ष मोती राइन कवारीले आफ्ना वडाबासीका लागि सहज सुलभ उपचारका निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको बताए । उनले आफ्नो वडामा रहेको गरिव विपन्न जो जनकपुरधाम गएर उपचार गराउन असक्षम छन् त्यस्ता नागरिकका लागि निःशुल्क स्वास्थ्य शिविर लाभदायक हुने विश्वास व्यक्त गरे ।

शिविरमा बिरामीहरुलाई आठ जना डाक्टरहरुले सेवा प्रदान गरेका आयोजक अध्यक्ष कवारीले जानकारी दिए । उनले विरामीहरुका लागि रगत, दिसा, पिसाब, चिनी, थाइराइड, मुटु जाँचका साथै केही औषधिहरु समेत निःशुल्क उपलब्ध गराएको जानकारी दिए । विशेष सेवा दिने चिकित्सकहरु न्युरो सर्जनमा डा. विजय राउत, स्त्री तथा प्रसूति रोग विशेषज्ञमा डा. विजय कुमार सिंह , बाल रोग विशेषज्ञमा डा. बलराम मण्डल , दन्त रोग विशेषज्ञमा डा. राकेश चौधरी र डा. रबी पाण्डे तथा आंखा रोग विशेषज्ञमा डा. सविन साहु सहितका डाक्टरहरुले आफ्नो अमूल्य समय प्रदान गरेका शिविरका मुख्य व्यवस्थापक झाले जानकारी दिए ।

# श्रीराम सुगर मिल्सका श्रमिक श्रम अदालतमा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडास्थित श्रीराम सुगर मिल्स लिमिटेडका श्रमिक मजदुर तथा कर्मचारीहरू पारिश्रमिकको माग गर्दै काठमाण्डु अनामनगरस्थित श्रम अदालत पुगेका छन् । मिल बन्द भएको तीन वर्ष बित्दा पनि पाउनुपर्ने तलब सुविधा बापतको १३ करोडभन्दा बढी रकम हालसम्म पाउन नसकेको भन्दै मजदुरहरू श्रम अदालत पुगेका छन् ।

बाँकी बक्यौता रकम तिर्न कारखाना उद्योग व्यवस्थापन पक्षबाट पटक-पटक आश्वासन मात्र पाएको तर भुक्तानी भने हालसम्म पाउन नसकेको मजदुर तथा कर्मचारीले गुनासो गरेका छन् । २०५१ साल पुस २४ गतेदेखि उखु क्रसिङसँगै सञ्चालनमा आएको श्रीराम सुगर मिल्स २०७७ साउन ११ गते मिल प्रशासनले एउटा सूचना जारी गर्दै सदाका लागि बन्द गरेको थियो ।




मिल अथवा कुनै पनि उद्योग बन्द भएको १५ दिनभित्र सञ्चालक पक्षले त्यहाँ कार्यरत मजदुर तथा कर्मचारीको पारिश्रमिक उपलब्ध गराउनुपर्ने नेपालको श्रम नियमावलीमा उल्लेख गरिएको छ । तर श्रीराम सुगर मिल्समा तत्कालीन कार्यरत ३०३ जना मजदुर कर्मचारीको बक्यौता पारिश्रमिक भुक्तानी गर्न मिल प्रशासनले कुनै वास्ता नगरेको कारण बाध्य भएर पहिलो पटक श्रम कार्यालय वीरगञ्जमा मुद्दा गरेको समाजवादी ट्रेड युनियन इकाई सचिव राजदेव सहनीले बताए । श्रम कार्यालय वीरगञ्जले २०७९ सालमा मजदुरको पक्षमा फैसला गरेको थियो । फैसला अनुसार उद्योगीले मजदुर कर्मचारीको बक्यौता तलब सुविधा बापत कुल १३ करोड १९ लाख ७६ हजार ३१६ रुपैयाँ ३६ पैसाले उद्योगीले तिर्नुपर्ने देखिएको थियो ।

उक्त फैसलापछि उद्योगी हतेश गोल्छा र विशाल अग्रवाल र उनका कानुनी सल्लाहकार नवलकिशोर झाले श्रम अदालत काठमाण्डुमा लिखित निवेदन दिएर भुक्तानीका लागि समयको माग गरेका थिए ।

त्यसपछि श्रम अदालतको पहलमा उद्योगी र मजदुर कर्मचारीबिच भएको छलफलमा फागुन २ गते भित्र भुक्तानी गर्ने उद्योगीले लिखित सहमति गरेको छलफलमा सहभागी समाजवादी ट्रेड युनियन इकाई सचिव राजदेव सहनीले बताए । सहमति अनुसार भुक्तानी गर्न मात्र ४ दिन बाँकी रहेको तर अहिलेसम्म उद्योगी पक्षबाट कुनै पहल नदेखिएकाले आफूहरू खबरदारीको लागि श्रम अदालतमा शुक्रवार मौखिक ताकेता गरेको सचिव सहनीको भनाइ छ ।

तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको निर्देशनमा २०५१ सालमा जिल्लाकै सबभन्दा ठुलो उद्योगका श्रीराम सुगर मिल्स स्थापना भएको थियो । मिल सञ्चालन रहँदा मजदुर कर्मचारी गरी ६०० जना मानिसले प्रत्यक्ष रोजगारीका साथै २० हजार किसान लाभान्वित रहेका थिए ।

# प्रदेश सरकार खारेज हुनु पर्छ : कमल थापा



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले अहिलेको आवश्यकता राजा सहितको प्रजातान्त्रिक हिन्दू राष्ट्र रहेको बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित पत्रकार सम्मेलनमा पूर्व उप-प्रधानमन्त्री समेत रहेका थापाले संघीय गणतन्त्रात्मक व्यवस्था भ्रष्टतन्त्र र लुटतन्त्रमा रुपान्तरण भइसकेकाले जनताले यसको विकल्प खोजी रहेको दावी गरे ।

उनले संघीयता सहितको धर्मनिरपेक्षता, गणतन्त्रात्मक व्यवस्था असफल भइसकेको बताउँदै अध्यक्ष थापाले राजा सहितको प्रजातान्त्रिक हिन्दू राष्ट्र व्यवस्थाका लागि जनआन्दोलनको तयारीमा जुट्न आह्वान गरे ।

उनले प्रादेशिक संरचनाले मुलुकको अर्थतन्त्र एकदमै कमजोर भइसकेकाले यसको सुधारका लागि अनावश्यक खर्च नियन्त्रण गर्नु आवश्यक रहेको बताए । त्यसका लागि प्रदेशस्तरीय संरचना खारेज गर्नुको विकल्प नरहेको उनले बताए । उनले सहमतिकै आधारमा विद्यमान संविधानमै प्रादेशिक संरचना खारेज गरेर केन्द्रमा बलियो सरकार र स्थानीय तहलाई थप अधिकार दिइ बलियो सरकार सहित दुई तहको सरकारको परिकल्पना गर्नुपर्ने बताए ।

उनले सनातन धर्म संस्कृति संकटमा परेको एवम् मुलुकको अर्थतन्त्र कमजोर हुँदै गइरहेको बताउँदै अध्यक्ष थापाले मुलुकमा विदेशी चलखेलका कारण हिन्दू धर्म अपमानमा परेको टिप्पणी गरे ।

# खरिदार दोषी ठहर

**टुडे समाचारदाता**

कलैया । विशेष अदालतले भ्रष्टाचार मुद्दामा भूमि सुधार तथा मालपोत कार्यालय, बाराका खरिदारलाई दोषी ठहर गरेको छ । कलैया मालपोत कार्यालयमा कार्यरत खरिदार रामविश्वास साह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् ।

न्यायाधीशहरु टेकनारायण कुँवर, रामहादुर थापा र रितेन्द्र थापाको इजलासले साहलाई दोषी ठहर गरेको छ । साहमाथि जग्गा रजिस्ट्रेसनका लागि १५ हजार रुपैयाँ घुस मागेको आरोप थियो । विशेष अदालतले उनलाई एक महिना कैद र १५ हजार रुपैयाँ जरिवानाको फैसला सुनाएको छ । उनले मागेको पैसा बुझिदिने गौरीशंकर कुमार साहलाई मतियार ठहर गर्दै अदालतले साढे सात हजार रुपैयाँ जरिवाना र १५ दिनको कैद सजाय सुनाएको छ ।

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८